# उर्जा क्षेत्रको विकासमा ‘ब्रेकथ्रु’

धितोको अभाव, वित्तीय चेतनाको कमी, झन्झटिलो बैंकिङ प्रक्रिया, बैंक तथा वित्तीय संस्थाको उपस्थिती नहुनु, यातायातको असुविधा लगायतका कारण ग्रामीण तथा दुर्गम क्षेत्रका गरीबीको चपेटामा रहेका सर्वसाधारणका लागि सहकारी संस्था नै मुख्य वित्तीय सेवा प्रदायक हुन् ।



■ कृष्ण अधिकारी

प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा दुवै देशले संयुक्तरूपमा जारी गरेको ६ बुँदामा समेटिएको ‘ भिजन स्टेटमेन्ट’ मा समानता, आपसी सम्मानका आधारमा एक देशले अर्को देशलाई विद्युत् क्षेत्रमा पारस्परिक सहयोग गर्ने कुरा उल्लेख छ । प्रधानमन्त्री देउवाको प्रतिनिधिमण्डलमा सहभागी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल भारतको पछिल्लो सहमतिले नेपालमा बढी भएको बिजुली खेर नजाने सुनिश्चितता गरेको बताउनुहुन्छ । उहाँका भारतीय समकक्षी राजकुमार सिंहले पनि आफूसँगको भेटवार्तामा सोही अभिव्यक्ति दिएको बताउँदै यसलाई नेपालको ऊर्जा क्षेत्रको विकासमा ‘ ब्रेकथ्रु’ मान्न सकिने धारणा राख्नुहुन्छ ।

‘तपाईंहरु जति पनि विद्युत् उत्पादन गर्नोस्, हामी किनेदिने छौँ, नेपालमा बढी भएको बिजुली खेर नजाने सुनिश्चित गर्न चाहन्छु ।” भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको अभिव्यक्ति हो यो । हालै प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका अवसरमा हैदरावादमा आयोजित संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने क्रममा भारतका प्रधानमन्त्री मोदीले लामो समयदेखि नेपालको विद्युत् भारतमा बिक्री गर्ने विषयमा रहेको द्वीविधा र आशंकालाई मेट्दै मोदीले भन्नुभयो, “अब यसमा सन्देह गर्ने अवस्था छैन । हामीलाई बिजुली चाहिएको छ, तपाईंहरु उत्पादन गर्नोस्, हामी किनिदिनेछौं ।”

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका क्रममा ‘ ऊर्जासम्बन्धी भारत-नेपाल संयुक्त दृष्टिकोण’ जारी गर्दै ऊर्जा क्षेत्रमा एकापसमा सहयोग अभिवृद्धि गर्न दुवै देश सहमत हुनुलाई नेपालको विद्युत्लाई क्षेत्रीय बजारमा प्रवेश गराउने लामो समयदेखिको प्रयासले सार्थकता पाएको छ । पारस्परिक लाभ, बजार माग र प्रत्येक देशका आन्तरिक नियमका आधारमा दुवै देशको विद्युत् बजारमा उपयुक्त पहुँच बढाउन राष्ट्रिय ग्रिडको समन्वयात्मक सञ्चालनमा संस्थागत सहयोग गर्ने सहमतिले ऊर्जा क्षेत्रमा नयाँ आयाम थपिएको छ ।

नेपालमा बढी भएको बिजुली सहजैरूपमा भारत र बङ्गलादेशमा निर्यात गर्ने मार्ग प्रशस्त हुनुलाई ऊर्जा क्षेत्रमा हालसम्मकै सबैभन्दा ठूलो उपलब्धिको रुपमा दिन सकिन्छ । वर्षाको समयमा खेर जाने बिजुली क्षेत्रीय बजारमा बिक्री गर्न नेपालले लामो समयदेखि प्रयास गरे पनि सफलता पाउन सकेको थिएन । भारतीय प्रधानमन्त्रीले पहिलो पटक नेपालसँगको जलस्रोत र ऊर्जाका विषयमा वार्ता गर्दा आपसी समानता र सम्मानका आधारमा गर्ने विषय उल्लेख गर्नुको साथै भूटान, बङ्गलादेश, भारत र नेपाल (बिबिआइएन)मा आपसी सहकार्यको संरचना तयार पार्ने र विस्तार गर्ने उल्लेख गर्नुभएको छ । यस घोषणाले बंगलादेश, भूटान, भारत र नेपालबीच विद्युत्को व्यापारको संयन्त्रको ढोका खुलेको छ ।

संयुक्त दृष्टिकोणमा नेपालका केही ठूला आयोजना नेपाल र भारतको संयुक्त लगानीमा विकास गर्ने, अन्तरदेशीय प्रसारण लाइनको निर्माण गर्ने, बजारको मागका आधारमा उपयुक्त पहुँच दिने उल्लेख छ । उपक्षेत्रीय संगठनका रूपमा रहेको बिबिआइएनमा आबद्ध देशहरूलाई त्यसमा समेट्ने भन्ने घोषणा आफैँमा महत्वपूर्ण रहेको व्यवसायीहरु बताउँछन् । अब नेपालको बिजुली बङ्गलादेशको बजारसम्म पुग्ने सुनिश्चित भएको छ । भारतले आफ्नो प्रसारण प्रणाली प्रयोग गर्न सहमति नदिँदा नेपालको बिजुली बङ्गलादेश लैजाने मार्गप्रशस्त हुन सकेको थिएन । माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको ५०० मेगावाट बिजुली बङ्गलादेश लैजाने सहमति यसअघि नै भइसकेको छ । बङ्गलादेशले नेपालबाट सन् २०४०सम्म नौ हजार मेगावाट बिजुली लैजाने यसअघि नै घोषणा गरिसकेको छ ।

प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा दुवै देशले संयुक्तरूपमा जारी गरेको ६ बुँदामा समेटिएको ‘ भिजन स्टेटमेन्ट’ मा समानता, आपसी सम्मानका आधारमा एक देशले अर्को देशलाई विद्युत् क्षेत्रमा पारस्परिक सहयोग गर्ने उल्लेख छ । प्रधानमन्त्री देउवाको प्रतिनिधिमण्डलमा सहभागी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल भारतको पछिल्लो सहमतिले नेपालमा बढी भएको बिजुली खेर नजाने सुनिश्चितता बढेको बताउनुहुन्छ । उहाँका भारतीय समकक्षी राजकुमार सिंहले पनि आफूसँगको भेटवार्तामा सोही अभिव्यक्ति दिएको बताउँदै यसलाई नेपालको ऊर्जा क्षेत्रको विकासमा ‘ब्रेकथ्रु’ मान्न सकिने धारणा राख्नुहुन्छ । मन्त्री भुसालले भारतका प्रधानमन्त्रीले नै आगामी मनसुनदेखि नै



नेपालको धेरै भएको विद्युत् खरिद गर्ने व्यवस्था मिलाउन प्रतिबद्ध रहेको जनाउनुले नेपालको ऊर्जा क्षेत्रमा उत्साह जगाएको टिप्पणी गर्नुभयो । नेपालको बिजुली भारत मात्र होइन बङ्गलादेशसम्म पनि पुऱ्याउन भारत सरकारले हामीलाई विश्वास दिलाएको छ, उहाँले भन्नुभयो ।

भारतको पछिल्लो स्वीकार्यता तथा उच्च राजनीतिक नेतृत्वको प्रतिबद्धताले नेपालले लामो समयदेखि गर्दै आएको बिजुली निर्यातको प्रयासले सार्थकता पाएको नीत फाण्डेशनका अध्यक्ष मोहनदास मानन्धर बताउनुहुन्छ । उहाँले प्रधानमन्त्रीको स्तरमा भएको घोषणा कार्यान्वयनमा आउने विश्वास व्यक्त गर्दै यसबाट नेपालका निजी क्षेत्रले पनि अन्तर्राष्ट्रिय रूपमा बिजुली बिक्रीका लागि बाटो खुल्ला भएको उहाँको भनाइ छ । गत कात्तिकदेखि नेपालले भारतीय अनुदानमा निर्माण भएका नुवाकोटका दुई आयोजनाबाट ३९ मेगावाट बिजुली निर्यात भएको थियो । नेपालले एक्सचेन्ज मार्केटमा जान पाउने अनुमतिका लागि लामो समयदेखि माग गर्दै आएको थियो ।

प्रधामनमन्त्री देउवाको भ्रमणका अवसरमा भएको ऊर्जाका क्षेत्रमा नेपाल र भारतबीच अन्तर्राष्ट्रिय सोलार एलाइन्सको पनि ठूलो महत्व रहेको छ । स्वच्छ ऊर्जातिर विश्वको आकर्षण मात्र होइन, बाध्यता हुँदै गएको छ । नेपालको जलसम्पदाको अधिकतम उपयोग र संयुक्त लगानीका परियोजना अगाडि बढिरहेका छन् । हैदरावाद हाउसमा प्रधानमन्त्री देउवा र समकक्षी मोदीबीच भएको वार्ताले आगामी दिनमा ऊर्जा क्षेत्रको लगानीलाई अझ बढोत्तरी दिने स्पष्ट छ । नेपालले भारतको एक्सचेन्ज मार्केटमा प्रवेशका लागि गरेको प्रयासका अलावा अन्य विषयमा पनि सहमति हुनु सुखद पक्ष मान्न सकिन्छ ।

नेपालबाट बढी भएको विद्युत् भारतले खरिद गरिदिने मात्र नभई वैदेशिक लगानीका लागि पनि बाटो खुल्ला भएको छ । प्रधानमन्त्री देउवाले कर्णाली चिसापानी, पश्चिम सेतीजस्ता ठूला आयोजनामा पनि लगानी गर्न गुर्न भएको आग्रहले भविष्यमा भारतका सतलजल, जिएमआरगायतका ठूला लगानीकर्ताहरुका लागि नेपाल मुख्य लगानीको थलो बन्न सक्ने देखिन्छ । विगत ४०/५० वर्षदेखि जलविद्युत् नेपालको आर्थिक विकासको मेरुदण्ड हुन्छ भन्दै गरेपनि त्यसको प्रतिफल आउन नसकिरहेको अवस्थामा प्रधानमन्त्रीको यस भ्रमणले खासगरी जलविद्युत् क्षेत्रमा ब्रेक थ्रु नै गरेको जलविद्युत् व्यवसायी ज्ञानेन्दलाल प्रधान बताउनुहुन्छ । पहिले हामीले भारतबाट मात्रै विद्युत् खरि गरिरहेको अवस्थामा अब भारतले पनि नेपालबाट विद्युत् खरिद गर्न जसरी उत्साह देखाएको छ, त्यसले ठूला जलविद्युत् आयोजनाको निर्माण गरी भारतलगायत छिमेकी मुलुकहरुमा ऊर्जा व्यापार गर्न सकिने सम्भावनालाई कार्यान्वयनमा ल्याउन सकिने भएको छ उहाँको ठम्याइ छ ।

### प्रशारण लाइनको उद्घाटन

भ्रमणकै क्रममा प्रधानमन्त्री देउवा र उहाँका भारतीय समकक्षी मोदीले संयुक्त रूपमा १३२ किलोभोल्ट (केभी) क्षमताको सोलु करिडोर प्रसारण लाइनको श्रव्य दृश्यका माध्यमबाट उद्घाटन गर्नुभएको थियो । अब सोलु करिडोरमा निर्माण सम्पन्न भएका र निर्माणका क्रममा रहेका आयोजनाको बिजुली राष्ट्रिय प्रणालीमा जोड्न सहज भएको छ । गत महिना मात्रै निर्माण सम्पन्न भएको यो परियोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न निर्माण भएको सोलु करिडोर १३२ केभी डबल सर्किट प्रसारण लाइनको यसअघि नै परीक्षण गरिसकिएको छ ।

सोलुखोला जलाधार क्षेत्रका जलविद्युत् आयोजनाहरुबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न निर्माण भएको लाइन गत फागुन २ गतेदेखि सञ्चालनमा आएको थियो । नेपाल सरकारको लगानी र भारतीय निर्यात-आयात (एक्जिम) बैंकको सहुलियतपूर्ण ऋणमा यसको निर्माण गरिएको यो प्रशारण लाइन सिराहाको मिर्चैयादेखि उदयपुर, ओखलढुंगा हुँदै सोलुखुम्बुको दुधकुण्ड नगरपालिकास्थित तिला सबस्टेसनसम्मको ९० किलोमिटर सञ्चालनमा छ । यस प्रशारण लाइनमा ३०२ वटा टावर निर्माण गरिएको छ ।

सोलु करिडोर प्रसारणलाइन आयोजनाअन्तर्गत तिङ्लामा १३२/३३ केभी, ३० एमभीए र ३३/११ केभी, ८ एमभीए क्षमताको सबस्टेसन निर्माण गरिएको छ । सबस्टेसन निर्माण सम्पन्न गरी ७ भदौ २०७६ बाट सञ्चालनमा छ । अहिले तिङ्ला सबस्टेसनबाटै सोलुखुम्बु, ओखलढुंगा र खोटाङमा विद्युत् आपूर्ति हुन थालेको छ । सोलु बेसिनमा २३.५ मेगावाटको सोलु खोलासहित १८ मेगावाटको माथिल्लो सोलु, ८६ मेगावाटको सोलु खोला (दूधकोसी) ८२ मेगावाटको तल्लो सोलु खोलालगायतका जलविद्युत् आयोजनाको विद्युत् तिन्ला सबस्टेसनमा जोडिनेछ । यो प्रसारण लाइनमा प्रवाह हुने गरी विद्युत् प्राधिकरणले ३२५ मेगावाटका १२ जलविद्युत् आयोजनासँग विद्युत् खरिद सम्झौता (पिपिए) गरेको छ । निर्माण सुरु भएको ५ वर्षमा सम्पन्न भई प्रसारण लाइन सञ्चालनमा आएको छ ।

पछिल्लो सहमतिले सीमापार अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागिसमेत मार्गप्रशस्त भएको छ । हालै मात्र सरकारले दोस्रो अन्तरदेशीय प्रसारण लाइन न्यू बुटवल गोखरपुर निर्माणका लागि प्राधिकरणलाई रु एक अर्ब बराबर लगानीका लागि स्वीकृति दिएको छ । कूल ४०० केभी क्षमताको सो प्रसारण लाइन १४० किलोमिटर लामो छ । नेपालतर्फ २० किलोमिटर र भारततर्फ १२० किलोमिटर लामो सो प्रसारण लाइनसमेत निकट भविष्यमा नै निर्माण सुरु हुनेछ । पछिल्लो सहमतिअनुसार एक अर्का देशको प्रसारण प्रणालीमा एकरूपमा ल्याउने, सीमापार अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने, दुवै तर्फबाट बिजुलीको आयात तथा निर्यात गर्ने विषय समेटिएको छ ।

### पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई ‘गेमचेञ्जर’

यस पटकको भ्रमणको अर्को उपलब्धि भनेको पञ्चेश्वर परियोजना अगाडि बढाउने सहमतिलाई लिन सकिन्छ । लामो समयदेखि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार हुन नसकेको पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् आयोजनालाई तीव्ररूपमा अगाडि बढाउन नेपाल र भारत सहमत भएका छन् । भारतीय प्रधानमन्त्री मोदीले दुई दशकभन्दा लामो समयदेखि गतिहीन बनेको पञ्चेश्वर बहुद्देश्यीय परियोजनालाई द्रुतगतिमा अघि बढाउने प्रतिबद्धता पनि उहाँले दोहोऱ्याउनुभएको छ । यतिसम्म कि भारतीय प्रधानमन्त्री मोदीले सो आयोजनालाई ‘गेमचेञ्जर’ परियोजनाको संज्ञा दिँदै अगाडि बढाउने प्रतिबद्धता जनाउनुभएपछि डिपिआर टुङ्गो लागेर निर्माण प्रक्रियामा अगाडि बढ्ने देखिएको छ ।

प्रधानमन्त्री देउवा पहिलोपटक प्रधानमन्त्री भएको बेला साढे २५ वर्षअघि महाकाली सन्धि हुँदा छ महिनामा पञ्चेश्वर परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बन्नुपर्ने थियो । तर अहिलेसम्म परियोजना प्रतिवेदनसम्म अझै बन्न नसँदा दुवै मुलुकका लागि समस्याका रूपमा रहेको थियो । नेपाल र भारतबीच पानी बाँडफाँटको विषयमा कुरा मिल्न नसक्दा महाकाली सन्धि भएको लामोसम्म पनि आयोजनाको डिपिआर नै टुंगीन सकेको छैन । प्रधानमन्त्री देउवाले लामो समयलेदेखि अल्झाएर राखिएको तर, राष्ट्रिय आवश्यकताको अमेरिकी सहयोग कर्पोरेशन(एमसिसी)लाई जसरी राष्ट्रिय राजनीतिक सहमति कायम गरी पारित गराउनुभयो, त्यसैगरी लामो समयदेखि अल्झिएको पञ्चेश्वर परियोजनालाई टुङ्गोमा पुऱ्याउन पनि उहाँ नै समर्थ हुनुभएको विश्लेषकहरु बताउँछन् ।

भारतका लागि अब पहिलेको जस्तो नेपालको विद्युत् खरिद नगरे पनि पुग्ने अवस्था छैन । भारतले ऊर्जा सम्मिश्रणमा जाने निर्णय गरिसकेको र यसका लागि सौर्य ऊर्जासँगै ४९ प्रतिशत जलविद्युत् हुनैपर्ने प्रावधानले गर्दा पनि नेपालको विद्युत् खरिद गर्न अब अनिवार्य जस्तै भएको ऊर्जा जानकारहरु बताउँछन् । भारत भ्रमणका अवसरमा दुई देशबीच अन्तर्राष्ट्रिय सोलार एलाइन्स, रेल्वेसम्बन्धी प्राविधिक सहयोग, पेट्रोलियम पदार्थ आपूर्ति र नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनबीच प्रविधिक विज्ञता आदानप्रदान गर्ने रहेका छन् । यी सम्झौता आफैँमा दूरगामी महत्वका छन् ।

नव वर्ष २०७९
को सुखद अवसरमा
स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
नारायण पराजुली
प्रवन्ध निर्देशक, तथा
प्रुडेन्सियल ओभरसिज प्रा. लि.
परिवार
तिनकुने, काठमाडौं, फोन: ५१०४५२५
दुर्गा बहादुर थापा
अध्यक्ष, तथा
सत्यम इण्टरनेशनल सर्भिस प्रा. लि.
परिवार
सुविधानगर, काठमाडौं, नेपाल, फोन: ४४८१२६४

नव वर्ष २०७९
को सुखद अवसरमा
स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
नारायण प्रसाद बाँस्तोला
महाप्रबन्धक
राष्ट्रिय आवास कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)
बुद्धनगर, काठमाडौं

# श्रीलंकाली संकट र नेपाल

कोरोना महामारीले सिर्जना गरेको संकटका बीच कीर्तिमानी स्तरको मुद्रास्फीति, अत्यावश्यकीय वस्तुको अभाव र आकासिएको मूल्यले श्रीलंकाको अवस्था निकै गम्भीर छ । अवस्था यति बिग्रिएको छ कि देश नै 'असफल भएको घोषणा गर्नुपर्ने' बाध्यता बन्दैछ ।



■ सन्देश अर्याल



## गहिरो संकटमा श्रीलंका

पछिल्लो समय श्रीलंकाको अवस्था निकै भयावह छ। श्रीलंकामा दूध, औषधी, पानी, फलफुल, तरकारी जस्ता अत्यावश्यकीय वस्तुको चरम अभाव छ । दैनिक आवश्यकीय वस्तुहरुको मूल्य अत्यन्तै आकाशिएको छ । औषधी, दूध र पानीको मूल्य आकाशिएसँगै नागरिकहरु निकै समस्यामा छन् । हालत यस्तो बनेको छ कि सामान्य नागरिकहरु एक कप चिपा र पाउरोटी पनि खान नसक्ने अवस्थामा छन् । आर्थिक संकटकै कारण नागरिकहरु सडकमा ओर्लिएसँगै अवस्था थप जटिल बन्दो छ। अवस्था नियन्त्रणभन्दा बाहिर जान थालेसँगै सरकारले कर्फ्यूको साहारा लिन थालेको छ ।

अहिले श्रीलंकाका धेरैजसो पेट्रोल पम्पहरु बन्द भएका छन्। पेट्रोल पम्पहरुमा हिंसात्मक घटना नहोस् भनेर सरकारले सेना परिचालन गरेको छ। तथापी, मानिसहरु बाध्यरुपमा पेट्रोलियम पदार्थ किन्न खोजिरहेका छन्। जसको कारण खुलेका केही पेट्रोल पम्पहरुमा मानिसको लाइन निकै लामा छन् ।

श्रीलंकाको आर्थिक संकट कत्तिको गहिरो छ भन्ने कुरा अमेरिकी डलरको तुलनामा मार्चदेखि अप्रिल पहिलो सातासम्म श्रीलंकाली रुपैयाँ ४५ प्रतिशतले तल झरेको तथ्यबाटै स्पष्ट हुन सकिन्छ। श्रीलंकाको मुद्रास्फीति फेब्रअरीमा १७ दशमलव ५ प्रतिशतको पुगेको थियो, जुन पूरै एसियाकै उच्च हो । प्रधानमन्त्री महिन्द्रा राजापाक्षेका अनुसार यो वर्ष व्यापार घाटा १० अर्ब डलरभन्दा माथि हुनसक्छ। पछिल्लो अवस्थालाई लिएर अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले अवस्था निकै गम्भीर रहेको भन्दै चिन्ता व्यक्त गरेको छ। आईएमएफले तत्कालै ठोस कदम नचाले श्रीलंकाको अवस्था थाम्न नसकिने हुने चेतावनी पनि दिएको छ ।

कोरोना महामारीले सिर्जना गरेको संकटका बीच कीर्तिमानी स्तरको मुद्रास्फीति, अत्यावश्यकीय वस्तुको अभाव र आकासिएको मूल्यले श्रीलंकाको अवस्था गम्भीर छ। अवस्था यति बिग्रिएको छ कि देश नै 'असफल भएको घोषणा गर्नुपर्ने' बाध्यता बन्दैछ। यसअघिको प्रतिवेदनले आगामी केही महिनाभित्र श्रीलंकाले अनुमानित ७.३ अर्ब डलरको आन्तरिक र विदेशी ऋण तिर्न आवश्यक रहेको उल्लेख गरेको थियो, जबकि देश चलाउन श्रीलंकासँग पैसा बाँकी छैन । विदेशी मुद्रा अभावका कारण मुलुकमा अत्यावश्यक वस्तु, औषधि, पेट्रोल, डिजेल अधिकांश विदेशबाट आयात हुन सकेको छैन । विगतका प्रतिवेदनअनुसार देशमा खाना पकाउने ग्यास र बिजुलीको अभावका कारण ८० प्रतिशतभन्दा बढी बेकरी बन्द भएका छन् ।

## के हुन् संकटको मुख्य कारण ?

### ऋण

श्रीलंकामा धेरै देशको ऋण छ। श्रीलंकाको सरकारी निकायले सार्वजनिक गरेको तथ्यांकअनुसार अहिले करिब ३२ अर्ब डलरको बाह्य ऋण देशको टाउकोमा छ । जनवरीसम्म विदेशी मुद्रा सञ्चिति ७० प्रतिशतभन्दा बढीले घटेर २ अर्ब ३६ करोड अमेरिकी डलर पुगेको थियो, जुन अहिले पनि निरन्तर घटिरहेको छ।

श्रीलंकाको अर्थतन्त्र खस्किनुको सबैभन्दा ठूलो कारण चीनबाट लिएको ऋणमा डुब्नु पनि हो । देशले आगामी १२ महिनामा ७ अर्ब ३ करोड डलर स्वदेशी तथा विदेशी ऋण चुक्ता गर्नुपर्नेछ। चीनले कुल ऋणको करिब ६८ प्रतिशत हिस्सा ओगटेको छ। श्रीलंकाले चीनलाई मात्रै ५ अर्ब डलर तिर्नुपर्छ। गत वर्ष श्रीलंकाले गम्भीर आर्थिक संकटसँग जुध्न चीनबाट थप १ अर्ब डलर ऋण लिएको थियो, जुन किस्ताबन्दीमा तिर्दै आएको छ।

### पर्यटन

देशको अर्थतन्त्र धरासायी हुनुको एउटा कारण पर्यटन उद्योगमा आएको ह्रास पनि हो । देशको कूल गार्हस्थ उत्पादनमा उल्लेख्य योगदान पुऱ्याएको श्रीलंकाको पर्यटन क्षेत्र पृथकतावादीको श्रृंखलाबद्ध बम विस्फोट र कोरोना महामारीसँगै संकटमा पुगेको थियो। जसको समाधान अहिलेसम्म हुन सकेको छैन ।

करिब ५ लाख श्रीलंकाली प्रत्यक्ष रूपमा पर्यटनमा निर्भर छन् भने २० लाख अप्रत्यक्ष रूपमा यससँग जोडिएका छन् । श्रीलंकाको जीडीपीमा पर्यटनले १०% भन्दा बढी योगदान दिन्छ। श्रीलंकाले पर्यटनबाट वार्षिक करिब ५ अर्ब डलर अर्थात् करिब ३७ हजार करोड रुपैयाँ विदेशी मुद्रा कमाउने गरेको थियो । पर्यटन श्रीलंकाका लागि विदेशी मुद्राको तेस्रो ठूलो स्रोत हो, तर पर्यटन क्षेत्र पूर्णतया ठप्प जस्तै छ।

### पारिवारिक सत्ता

श्रीलंका डुब्नुको पछाडिको महत्वपूर्ण कारण महिन्द्रा राजपक्षेको पारिवारिक सत्ता र खर्च पनि हो । राष्ट्रपति, प्रधानमन्त्रीदेखि सरकारका सबैजसो मुख्य मन्त्रीहरु राजपक्षे परिवारका छन्। उनीहरुको पारिवारिक खर्च असाध्यै महँगो छ। श्रीलंकाको राष्ट्रपति गोटबाया राजपाक्षे र प्रधानमन्त्री महिन्द्रा राजपाक्षेसहित मन्त्रीपरिषदका पाँच सदस्य राजपक्षे परिवारका छन् । सत्तामा परिवारकै हालिमुहाली भएको कारण राजकीय खर्च पनि महँगो हुन पुगेको छ । बताइएअनुसार प्रशासनीक संयन्त्रमा हुने खर्चको ठूलो हिस्सा राजपक्षे परिवारको पारिवारिक व्यवस्थापनमै खर्च हुन्छ । अर्कोतर्फ, पारिवारिक सत्ता भएको कारण के-कति भ्रष्टाचार भएको छ भन्ने तथ्य पनि गुमनाम छ। श्रीलंका विश्वमै अत्याधिक भ्रष्टाचार हुने मुलुकको सूचीमा पर्दछ।

### नेपालको बाटो पनि त्यस्तै

नेपाली अर्थविद्हरुले पनि नेपालको अवस्था श्रीलंका उन्मुख रहेको भन्दै चिन्ता व्यक्त गरेका छन्। अर्थविद् प्रा. डा. विश्वम्भर प्याकुरेल तीन वर्ष अगाडि श्रीलंकामा जे जस्तो अवस्था देखिएको थियो नेपालमा अहिले त्यस्तै अवस्था देखिएको बताउँछन्। उनका अनुसार समयमै ठोस कदम नचाले नेपालको अर्थतन्त्र छिट्टै श्रीलंकाकै अवस्थामा पुग्नेछ।

"आजभन्दा तीन वर्ष अघि श्रीलंकाको अर्थतन्त्रमा जे खालको लक्षण देखियो, अहिले नेपालका मूलभुत आर्थिक परिसुचकहरु कताकत श्रीलंकाको तीन वर्ष अघिको जस्तो देखिएको छ, त्यतिबेला श्रीलंकामा बेवास्ता गरिएको थियो । अहिले उसले गम्भीर समस्या भोगिरहेको छ", अर्थविद् प्याकुरेलले भनेका छन्, "अहिले हाम्रो सम्पूर्ण सरकार, सरकार सञ्चालन प्रणाली नै कस्तो देखियो भने पब्लिक सेक्टरबाट कराइरहने, मिडियामा हामी बोलिरहने, तर अर्थतन्त्रको समस्या समाधानको लागि सरकारको तर्फबाट कुनै चासो देखिएन । नेपालको सरकार सञ्चालन प्रणाली ज्यादै नै फितलो छ।"

उनका अनुसार आर्थिक क्षेत्रका नेतृत्वदायी निकायहरुबीच समन्वय नहुँदा नेपालमा समस्या थप बढ्दो अवस्थामा छ । श्रीलंका जस्तै आर्थिक क्षेत्रका नेतृत्वदायी निकायमा भ्रष्टाचार व्यापक भएको उनी बताउँछन् ।

"योजना आयोग एकातिर छ, राष्ट बैंक अर्कोतर्फ छ, र अर्थ मन्त्रालय अर्कोतर्फ छ, यी तीनै निकाय एकैतर्फ हुनुपर्छ", प्याकुरेलले भनेका छन्, "श्रीलंकामा करप्सन बढ्यो । परिवारवाद हाबी भयो । नेपालमा पनि त्यही अवस्था छ । ठूला-ठूला भ्रष्टाचार काण्ड छन् । पुँजीगत खर्च हुनसकेको छैन् । नेपाल आयल निगम घाटामा छ। नेपाल एयरलायन्स घाटामा छ।"

प्याकुरेलजस्तै अर्का अर्थविद् डा. डिल्लीराज खनाल पनि समयमै ठोस कदम चाल्न नसके नेपालको अवस्था श्रीलंकाकै जस्तै हुने बताउँछन् । उनका अनुसार तत्कालै पुँजीगत खर्च बढाउने, विदेशी सहायता बृद्धि गर्ने, अनुत्पादक खर्च घटाउने जस्ता कदम चाल्न आवश्यक छ ।

"हामी त यो विषय सुरुदेखि नै लेखिरहेका छौं, अर्थतन्त्रका संकेत राम्रा छैनन्, गम्भीर मोडतर्फ अर्थतन्त्र जाँदैछ भनेर भनेका थियौं", अर्थविद् खनालले भनेका छन्, "बेलैमा सोच्नुपर्छ। श्रीलंकाजस्तो संकट आउने सम्भावनाको कुरा गर्दा यसैगरि उपेक्षा गरियो भने श्रीलंकाजस्तो समस्या आउँछ। यो कुराको महशुस गरेर हामीले आवश्यक कदम चाल्नुपर्छ।"

चुलिँदो आर्थिक संकटकै बीच सरकारले गभर्नर महाप्रसाद अधिकारीमाथि कारबाही गरेको छ । अधिकारीलाई कारबाही गरेसँगै आर्थिक क्षेत्रको नेतृत्वदायी संस्था नेतृत्व विहीन अवस्थामा छ। केन्द्रीय बैंकको नेतृत्व नै कारबाहीमा परेसँगै समस्याहरु थप बढ्ने चिन्ता अर्थविद्हरुको देखिन्छ।

अर्थविद् केशव आचार्य गभर्नरलाई कारबाही गर्दा केन्द्रीय बैंकको नेतृत्व पंक्तिमा आत्मविश्वास टुटेको बताउँछन् । कर्मचारीको आत्मविश्वास टट्दा समस्या बढ्ने उनको चिन्ता छ। गभर्नरका विषयमा अनुसन्धान गर्न करिब डेढ महिना समय लाग्ने हुँदा राष्ट्र बैंक निर्णयहीनताको अवस्थामा पुग्ने आचार्यले भनेका छन्। जुन आर्थिक संकट बढाउन थप सहयोग पुग्ने निर्णय हो।

नेपालको अवस्था पनि श्रीलंका उन्मुख रहेको भन्दै अर्थविद हरुले चिन्ता व्यक्त गरेका छन् । अर्थविद् प्रा. डा. विश्वम्भर प्याकुरेल तीन वर्ष अगाडि श्रीलंकामा जे जस्तो अवस्था देखिएको थियो नेपालमा अहिले त्यस्तै अवस्था देखिएको बताउँछन् । उनका अनुसार समयमै ठोस कदम नचाले नेपालको अर्थतन्त्र छिट्टै श्रीलंकाकै अवस्थामा पुग्नेछ ।

नेप्से अनलाइन ट्रेडिङ सिस्टम (नट्स) सम्बन्धी जानकारी

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)ले सञ्चालनमा ल्याएको अनलाइन ट्रेडिङ सिस्टम प्रयोग सम्बन्धमा सर्वसाधारणले निम्न अनुसार जानकारी राख्नुपर्छ:

- नेप्सेको सदस्यताप्राप्त धितोपत्र दलालहरु र उपत्यका बाहिर तिनीहरुका शाखाबाट नट्स प्रयोग गर्नका लागि युजरनेम र पासवर्ड प्राप्त गर्न सकिन्छ । धितोपत्र दलालहरुको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट www.nepalstock.com तथा www.nepalstock.com.np मा उपलब्ध छ । युजरनेम र पासवर्ड निःशुल्क प्राप्त हुन्छ ।
- लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीमा जोड्ने माध्यम टिएमएस हो जसबाट लगानीकर्ताले खरिद तथा बिक्री आदेश प्रविष्ट गराउन सक्छन् । प्रविष्ट गरिएको आदेशको हरेक अवस्थाको जानकारी Order Book मा गई प्राप्त गर्न सकिन्छ ।
- अनलाइन युजरले ब्रोकर मार्फत वा आफैले खरिद बिक्री आदेश प्रविष्टि गरी कारोबार गर्न सक्छन् । लगानीकर्ताले जुनसुकै ब्रोकरमा खाता खोल्दा अफलाइन वा अनलाइन भनि जानकारी गराउनु पर्दछ ।
- लगानीकर्ताको एउटा हितग्राही खातालाई ब्रोकरसँग खोलिएको एउटा कारोबार खातासँग मात्र आवद्ध गरेपछि नट्समा कारोबार गर्न सकिन्छ । यसले कारोबार पछिको राफसाफ तथा फछ्यौंटलाई सहज बनाउँछ ।
- कारोबार गर्नको लागि ग्राहकले आफ्नो ब्रोकरसँग धितो जम्मा गर्नुपर्छ। धितो जम्मा गरेको आधारमा ब्रोकरले लगानीकर्तालाई कारोबार सीमा प्रदान गर्छन । ब्रोकरले हरेक लगानीकर्तालाई आवश्यकता अनुसार कारोबार सीमा (Trading Limit) दिई कारोबारको जोखिम न्युनीकरण गरेका हुन्छन् ।
- कारोबार सीमा तथा धितोपत्र खरिद पछिको राफसाफ तथा फछ्यौंट कार्यका लागि टिएमएसबाट क्लियरिङ बैंकको e-Banking Portal मा गई लगानीकर्ताले ब्रोकरको Account मा Fund/Collateral Transfer गर्न सक्छन् । नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसँग आवद्ध बैंक तथा वित्तीय संस्थाबाट पनि यो सुविधा लिन सकिन्छ ।
- धितोपत्र बिक्री गरेपछि www.meroshare.cdsc.com.np मा गई login गरी MY EDIS खोली Transfer share गर्नु पर्ने हुन्छ। यसरी Transfer share गरे पश्चात मात्र धितोपत्रको राफसाफ गर्न सम्भव हुन्छ ।

नेपाल स्टक एक्सचेञ्ज लि.
युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौं
फोन नं: ०१४४१४२१३

नयाँ वर्ष २०७९ ले सबै नेपालीहरुमा उमंग ल्याओस
हार्दिक मंगलमय शुभकामना
कैलाश पाठक
अध्यक्ष
तथा
सिल्भर कर्नर इन्टरनेशनल प्रा. लि.
परिवार
एकता टोल, सिनामंगल-९, काठमाडौं, फोन: ४४८९९५०

नयाँ वर्ष २०७९ को हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
विमल प्रसाद ढकाल
संयोजक
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
परिवार
बतीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८

नयाँ वर्ष २०७९ को हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
नरेन्द्र प्रसाद ढकाल (अध्यक्ष)
भवानी निरौला (महासचिव)
तथा
नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यवसायी एशोसिएसन
परिवार
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१-४४६६४२८

# जसको पक्षमा बन्यो उही अपहेलित !

‘स्थानीय तह सञ्चालन ऐन २०७४’ निर्वाचित दलित महिला सदस्यको जिम्मेवारी स्पष्ट पारिएको छैन । त्यसैले संख्यात्मक उपस्थितिका हिसाबले उल्लेख्य मात्रामा भएपनि दलित महिलाले निर्णयकारी तहमा उल्लेखनीय भूमिका निर्वाह गर्न सकेनन् ।



■ सन्दीप बिक

उत्तरी छिमेक चीनको वुहान भएर फैलिएको कोरोना भाइरसको तेस्रो भेरियन्टसम्म आमसंस्कृतिमा असाध्यै ठूलो परिवर्तन आएको छ । सँगै, महामारीबाट जीवनरक्षा गर्न अपनाइएको प्रोकोटलका कारण असाधरण पीडा खेप्न आमनागरिक विवस बनेका छन् ।




सरकारले वैशाख ३० गते स्थानीय तह निर्वाचनको मिति घोषणा गरेसँगै अहिले राजनीतिक सरगर्मी हप्पकै बढेको छ । स्थानीय तहको निर्वाचनको परिणाम आफ्नो पोल्टामा पार्न केन्द्रदेखि वडा तहसम्मका नेताहरूको दौडधुप चलिरहेको छ । राजनीतिक दल यतिबेला वडा तहमा उम्मेद्वार बन्न आकांक्षीको सूची तयार पार्दै छन् । यसबीचमा उम्मेद्वारीका लागि दलित राजनीतिकर्मीहरु पनि आकांक्षी देखिएका छन् । अर्कोतिर बितेका पाँच वर्षको लेखाजोखा पनि शुरु भएको छ । गएको निर्वाचनको पछिको पाँच वर्षको अवधिमा के के उपलब्धी भए भनेर समिक्षा हुन थालेको छ ।

### स्थानीय तहमा दलित प्रतिनिधित्व

गएको स्थानीय तहको निर्वाचमा केही दलित प्रतिनिधि स्थानीय तहमा प्रतिनिधिको रुपमा आए । तर पनि उनीहरुले दलितको हक हितका लागि खासै उपलब्धीमूलकरुपमा काम गरेको भने देखिँदैन । स्थानीय तहमा दलितको समस्या जहाँको त्यहीँ छ । राजनीतिकरुपमा उनीहरुको समस्या समाधानको लागि कुनै पहल हुन सकेको छैन । भएका कामहरु पनि खासै उपलब्धीमूलक हुन सकेको छैन ।

निर्वाचन आयोगका अनुसार २०७४ को स्थानीय तहको निर्वाचनमा मेयरमा ६ जना अर्थात् १३ प्रतिशत दलितहरुको प्रतिनिधित्व भएको थियो । अध्यक्षमा ४ अर्थात् ०.८६ प्रतिशत, उपमेयरमा ११ अर्थात् १.७५ प्रतिशत, वडा प्रमुखमा १ सय ९४ अर्थात् २.८७ प्रतिशत, वडा सदस्यमा ७ सय ९७ अर्थात् ५.९१ प्रतिशत र दलित महिला वडा सदस्यमा ६ हजार ५ सय ६७ अर्थात ९८.४ प्रतिशतको सहभागिता रह्यो । तर पनि यसलाई उल्लेख्य सहभागिताको रुपमा भने मान्न सकिँदैन ।

राजनीतिक दलहरुले अझै पनि नेतृत्व तहमा दलित समुदायलाई ल्याउन हिचकिच्याएको देखिन्छ । नेपालको संविधानले नै दलितालाई अधिकारसम्पन्न बनाएको छ । तर संविधानले दिएको अधिकार वास्तविकतामै उनीहरू अधिकार सम्पन्न भए त ? निर्वाचित हुँदैमा के दलितहरु विभेदमुक्त भए ? निर्वाचित दलितको काम, कर्तव्य र अधिकार छुट्टयाइएको छ कि उपस्थिति मात्र बनाएर छाडिएको छ ? यसबारे भने निकै कम मात्रामा छलफल र बहस हुने गरेको छ ।

अहिले स्थानीय तह निर्वाचनको सरमगर्मी बढेको बेला यस विषयमा पनि छलफल बहस र लेखाजोखा हुनु अत्यन्त आवश्यक छ । नीति निर्माण तहमा जेजस्तो भएपनि यथार्थमा त्यस्तो देखिँदैन । कानूनी प्रावधानले उपस्थिति सुनिश्चित गरेको छ । तर व्यवहार भने त्यति समुन्नत देखिँदैन । त्यसको पहिलो कारण पनि कानून नै हो ।

अर्कोतर्फ संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्य शासन सञ्चालनका हरेक तहमा सहभागिता हुन पाउने अधिकार सुनिश्चित गरेको छ । तैपनि नीति निर्माण तहमा दलितलगायत उत्पीडित समुदायको उपस्थिति कमजोर नै रहेको छ । स्थानीय तहदेखि संघीय सरकारसम्म र निजामतिदेखि न्यायालयसम्मको दलितसमुदायको उपस्थिति हेर्दा सरकार संविधानको मर्मविपरीत भएको हो कि जस्तो देखिन्छ ।

### दलित सदस्य त्यस्तै अपहेलित

गएको स्थानीय तहमा प्रत्येक तहमा दलित महिलाको उपस्थिति अनिवार्य गरियो । उनीहरु निर्वाचनमा प्रतिनिधित्वका रुपमा आए । तर पनि उनीहरुलाई विभेद र अपहेलित गर्न भने छोडिएन ।

‘स्थानीय तह सञ्चालन ऐन २०७४’ निर्वाचित दलित महिला सदस्यको जिम्मेवारी स्पष्ट पारिएको छैन । त्यसैले संख्यात्मक उपस्थितिका हिसाबले उल्लेख्य मात्रामा भएपनि दलित महिलाले निर्णयकारी तहमा उल्लेखनीय भूमिका निर्वाह गर्न सकेनन् । अर्कोतर्फ निर्वाचित दलित महिला सदस्यहरू कमजोर छन् वा योग्य छैनन् भन्ने बहस समेत हुने गरेको छ । वास्तमा मान्छे आफैंमा योग्य नहुन पनि सक्छ । त्यसका लागि काम र जिम्मेवारीले उसलाई योग्य बनाउँदै लैजाने हो ।

दलित महिलाले यस्ता खालका बहसबाट जातीय, सामाजिक, लिंगीय र आर्थिक विभेद भोग्नुपरेको छ । अर्कोतर्फ दलित जनप्रतिनिधिले ठोस काम र सामाजिक इज्जत पाउनुको साटो जातीय विभेदलगायतका विभिन्न समस्यासँग जुध्नु परिरहेको छ । जुन हाम्रो सामु घटका घटनाले यथार्थ देखाउँछ ।

अहिले निर्णायक तहमा दलित महिलाको उपस्थिति निकै कमजोर छ । निर्वाचन आयोग अनुसार उपप्रमुख ९ र उपाध्यक्ष १२ जना दलित महिला छन्, जुन कुल निर्वाचित उपप्रमुख/उपाध्यक्ष महिला जनप्रतिनिधिको ३ प्रतिशतजति मात्र हो । वडाध्यक्ष तथा पालिका प्रमुखमा कोही पनि दलित महिला छैनन् । यसअघि दलित महिलालाई नेतृत्वमा आइहाल्ने वातावरण थिएन पनि ।

यसबीचमा वडासदस्यका रूपमा काम गरिरहेका हजारौं दलित महिलाले राजनीतिक प्रक्रियाबारे धेरथोर जानकारी तथा अनुभव हासिल गरिसकेका छन् ।

त्यस कारण आसन्न चुनावमा उनीहरूलाई उपप्रमुख/उपाध्यक्ष वा प्रमुख/अध्यक्ष र वडाअध्यक्षमा पनि ल्याउन राजनीतिक दलहरूले सार्थक कदम चाल्नुपर्ने देखिन्छ ।

### दलितका समस्या ज्यूँका त्यहि

नेपाली दलित आन्दोलन आफ्नो सात दशक लामो संघर्ष पूरा गरिसकेको छ ।

यस दौरानमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षाता, समावेशीता र समानुपातिकताको झ्यालबाट भविष्यमा जातीय छुवाछूत र सबै प्रकारका भेदभावमुक्त सुन्दर, शान्त र प्रगतिशील नव नेपालको दलितमैत्री तस्विर सहजै देख्न सकिने राजनीतिक अवस्थामा आइपुगेको छ वि.सं. २००७ सालको संघर्षले राणा शासनको त समाप्त गऱ्यो तर त्यसको सामाजिक/आर्थिक आधारको रुपमा रहेको दलितको आर्थिक दरिद्रता र अपमानजनक सामाजिक परिस्थिति कायमै रह्यो ।

वि.सं. २०४६ सालको जनआन्दोलनले निरकंश राजतन्त्रात्मक पञ्चायती प्रणालीलाई अन्त्य गरी संवैधानिक राजतन्त्र सहितको बहुदलीय प्रणालीको स्थापना गऱ्यो ।

तर राजनीतिक स्वतन्त्रतालाई मात्र ठूलो ठानेर पुरानै सामाजिक आर्थिक नीति कायम राखेर पुरानै संरचनामाथि निर्भर रहेर नयाँ समाज निर्माण गर्न सम्भव थिएन र भएनपनि ।

ऐतिहासिक जनक्रान्ति २०६२/६३ को परिवर्तनले नेपाली जनताको करिब सात दशक लामो सम्झौताहिन संघर्ष पश्चात दुई-दुई वटा संविधानसभा मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो । मुलुक संवैधानिक तथा कानूनीरुपमा जातीय छुवाछूतमुक्त बन्यो । सोको नियमन गर्ने संविधान र कानून बन्यो । तर पनि दलितका समस्या भने आजसम्म आइपुग्दा पनि जहाँको त्यहि छ । स्थानीय तहमा निर्वाचित भएका जनप्रतिनिधि भनौं वा केन्द्रीय तहमा पुगेका राजनीतिक दलका नेतृत्व तहले दलितका समस्या, गुनासा र मुद्दालाई सम्बोधन गर्न नसकेको अवस्था छ । आज पनि दलितसमुदायहरु राज्यका हरेक तहमा आउन नसकेको अवस्था छ भने अझै समाजमा जातिय विभेदको सिकार हुन पुगेका छन् । नेतृत्व तहले पनि दलितको मुद्दा समस्यालाई समाधान गर्न नसकेका कारण दलितका मुद्दालाई सबै राजनीतिक दलको मुद्दा बन्नुपर्ने देखिन्छ ।

### अबको बाटो के ?

संविधानमा उल्लिखित धारा ३८, ४० र ४२ मा समानुपातिक प्रतिनिधित्वको विषयलाई संस्थागत गरिनुका साथै मन्त्रिमण्डल गठन, संवैधानिक तथा अन्य राजनीतिक नियुक्ति समावेशी आधारमा गरिने संवैधानिक व्यवस्था छ । नेपालका तीनवटै तहका निर्वाचन सम्पन्न गर्ने सम्बन्धमा जारी भएका ऐन, कानुन तथा निर्देशिकाले संघ तथा प्रदेशमा समानुपातिक समावेशिताको सिद्धान्तलाई आत्मसात् गरेका छन् तर कार्यान्वयनको पाटो एकदम फितलो छ ।

यतिबेला स्थानीय तहको निर्वाचनले राजनीतिक क्षेत्र ताँतिरहेको बेला दलित समुदायले पनि आफ्ना मुद्दालाई अगाडि बढाउनुपर्ने देखिन्छ ।

दलित समुदायका व्यक्तिहरु पनि नेतृत्व तहमा आउनका लागि अग्रसर हुनुपर्ने देखिन्छ ।

अर्कोतर्फ स्थानीय तहको निर्वाचनमा दलहरुले आरक्षणबाहेक पनि क्षमताको आधारमा दलित समुदायलाई नेतृत्वमा समेट्नुपर्ने देखिन्छ । दलित समुदाय पनि अधिकार प्राप्तिका लागि अग्रसर हुनुपर्ने देखिन्छ । अर्कोतर्फ दलितको समस्या राजनीति दलको एजेण्डा हुन सक्यो भने पक्कै पनि समाजमा दलित समुदायको समस्या समाधानका लागि महत्वपूर्ण हुने देखिन्छ ।









# समावेशी समाजको दर्पण !

आगामी चुनाव हुन केही दिन बाँकी हुँदै सबै दलका नेताहरुले कसैलाई काँखमा, कसैलाई पाखामा नगरी समावेशी समानुपातिक उमेदवार चयन गर्दा समातामूलक समाज निमार्णमा बल पुग्नेछ ।





■ शिवकुमार श्रेष्ठ

> प्रत्येक गुनासा र समस्याको समाधान गर्न स्थानीय तहका जनप्रतिनिधि सचेत र इमान्दार बन्नुपर्नेछ । अझ स्थानीय सरकारको मूलअवधारणा र सिद्धान्त आत्मसाथ गर्नु भनेको व्यवहारमा समानुपातिक सहभागिता सुनिश्चित गर्नु हो ।

आगामी ३० वैशाखमा एकसाथ ७५३ वटै स्थानीय तहमा चुनाव हुँदैछ । स्थानीय चुनावका लागि दलहरु घरदैलो, भेटघाटका साथै प्रचार–प्रसारमा लागि परेका छन् । पाँच दलीय गठवन्धन थयावत राख्दै तालमेल साथ चुनावमा उम्मेदवारी उठाउने पाँच दलीय निर्णय गरेका छन् । बहुदलीय लोकतन्त्रमा हुने नियमित निर्वाचनमा दलहरु नै प्रमुख निकाय हुन् ।

नागरिकलाई प्रतिनिधि चुन्ने र चुनिने अधिकार भएपनि दलीय लोकतन्त्रमा राजनीतिक शक्तिको भूमिका अर्थपूर्ण हुन्छ । आमरुपमा दलीय उमेदवार नै निर्वाचित भएर आउनछन् । उनीहरुकै देश विकासमा महत्वपूर्ण भूमिका रहन्छ । दलहरुले राज्यभित्र सम्पूर्ण जात-जाति, दलित, मधिसी, मुस्लिम, महिला, जनजाति, अल्पसंख्यक, अपाङगता भएकालाई उम्मेद्वार बनाउनु संवैधानिक भावना हो ।

संविधानको भावना मात्रै नभएर कुनै एक दुई जातको मात्रै प्रतिनिधित्व हुँदा देश विकासमा थप सार्थकता पाउने देखिन्छ । जात, परिवार र आसेपासेले मात्र देश विकास गर्छु भन्नु हुट्टीट्उले सगर थेग्छु भन्नु सरह हुन्छ । सबैको प्रतिनिधित्वले देशको सर्वाङ्गीण विकासमा टेवा पुग्नुका साथै उन्नत र समुन्नत समाज निर्माण हुनेमा निःसन्देह छ । लोकतन्त्रका लागि त्याग र बलिदान गरेका महान शहीदका सपना खेर जान नदिन सम्पूर्ण पार्टी पंतिहरुले जबसम्म सबैको समानुपातिक सहभागिता गराउँदैनन्, तबसम्म देश विकास हुँदैन भनेर बुझ्नु पर्दछ ।

यो ल्याउन सबैको भूमिका, सहभागिता, त्याग र वलिदान उतिकै छ । सुधारका काम पद्धतिसंगत ढंगबाट अघि वढोस् भन्ने जनअपेक्षा छ । यसअवस्थामा आसन्न स्थानीय चुनावमा संविधानमा भएका शिक्षा, स्वास्थ्य, रोजगारीको हकको कसरी कार्यान्वयन गरि देशविकासका कार्य साकार पार्न सकिन्छ भन्नेतर्फ सबै ध्यान पुग्नु पर्छ । देश विकासका मुख्य बाधक कारकको रुपमा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा झागिएको कुशासनको परिणाम भ्रष्टाचारको ठोस विश्लेषण र निराकरणको वारेमा दलहरुमा उपायबारे समाधानका निष्कर्ष निकाल्नु पर्ने समय आईसकेको छ ।

त्यसका लागि दलहरु निष्पक्ष रुपमा तदारुपकताका साथ अग्रसर हुनु जरुरी छ । सर्वसाधारणले विभेदरहित सर्वसुलभ शिक्षा, स्वास्थ्य, कृषकले मल, विउ खाध, प्राविधिक सेवा र आफूले गरेको मेहनत र लगानीको उचित प्रतिफलका लागि उचित मूल्यको सुनिश्चिता, युवाले स्वदेशमै रोजगारीको अवसर र आमजनताले सबै खाले काम र राज्यबाट प्रदान गरिने सबै खाले सेवा पारदर्शी र झंझट रहित खोजेका छन् । त्यसका लागि कुशासनको अन्त्य र जवाफदेही पूर्ण सुशासन र सेवा प्रवाहको पद्धति हो ।

जनतामा सुशासनको प्रत्याभूति, मानव अधिकारको रक्षा, मौलिक अधिकारको कार्यान्वयन र प्रत्येक नागरिकप्रति राज्यले गर्ने समान व्यवहार नै समृद्धि देख्न समावेशी समानुपातिक सहभागिता जरुरी छ। स्थानीय चुनाव नजिकै जाँदा आकर्षक देखिने ठूला महत्वकांक्षी योजनाले भरिने राजनीतिक दलका घोषणा-पत्र जनताका अधिकारसँग सम्बन्धित हुनु पर्छ ।

२०७४ साल वैशाख ३१ को स्थानीय चुनावमा एमालेबाट २९४ कांग्रेसबाट २६६, माओवादी केन्द्रबाट १०६, संघीय समाजवादी फोरमबाट ३०, राजपाबाट २५, लोकतान्त्रिक फोरमबाट ९, अन्य दल र स्वतन्त्र उम्मेदवारबाट २३ पालिका विजय हासिल गरेका थिए । जसमा २८ हजार २० जना जनप्रतिनिधि विभिन्न तहमा बहाल छन् । २०७४ सालको स्थानीय चुनावमा एमालेबाट २६८०, कांग्रेसबाट २१०१, माओवादी दलबाट १०३० दलित महिला र अन्य दलबाट अरु सिट विजय हासिल गरे तापनि १७५ दलित महिला गत २०७४ सालको स्थानीय तहको निर्वाचनमा उमेदवारी नै कम भएकोले आगामी २०७९ वैशाख ३० गते हुने स्थानीय चुनावमा कुनै पनि स्थानीय तहको पदमा दलित महिलाको सहभागिता नछुट्योस भनि सबै दलहरुको ध्यानकर्षण निर्वाचन आयोगले गराएको छ र होस् पनि ।

प्रदेश-१ का दलित जनप्रतिनिधिहरुले आसन्न निर्वाचनमा सबै दलले समावेशी समानुपातिक रुपले नेतृत्व दिलाउने प्रतिबद्धता जनाउन माग गरेका हुन् । यस चुनावमा सहभागी नहुन नपाए वा पाँच वर्षसम्म हक अधिकारबाट बञ्चित र कुण्ठित भएर जाने भएको कारण समावेशी समानुपातिक प्रतिनिधित्व माग गरेका हुन । गत २०७४ साल वैशाख ३१ गते नयाँ संविधान पछिको पहिलो निर्वाचन सम्पन्न हुँदा दलहरुले गाउँमा सिंहदरवार आयो भनि उदघोष गरे ।

निर्वाचनपछि विकास र सुशासनका साथै न्याय, समानता र समृद्धि हुने कुराका आश्वासन बाँडेका थिए । तर, ती आश्वासन आश्वासन मात्र भए । हजारौ कान्तिकारीहरुको वलिदानले ल्याएको लोकतान्त्रिक गणतन्त्रले सहि दिशा र परिणाम दिन सकेन र नेपाली जनताले परिवर्तनको सुखानुभूतिगर्न पाएनन् । धन र बलको आधारमा पार्टी र सत्तामा पुगि हालीमुहाली गरेका छन् । तसर्थ पार्टी र धनको लोभमा नपरी कर्मठ, इमान्दार, विकास प्रेमी, न्यायप्रेमी र राष्ट्रको बफादार मानिसलाई मात्र चुनावमा भोट दिइ जिताउनु बुद्धिमानी ठहरिन्छ ।

निर्वाचान प्रणाली भड्किलो, हिंसात्मक र षडयन्त्रमूलक वन्दै आएको छ । यस अवस्थामा सोझा सामाजिक व्यक्तिलाई उपेक्षा नगरि उनीहरुको मताधिकार सुनश्चित गर्न सबै दलको कर्तव्य पनि हुन आउँछ। चुनावमा कसलाई उम्मेदवार बनाउने भन्ने नभई आर्थिक, सामाजिक र राजनीतिक रुपले वलियो नीति सबै दलहरुले लिएको कारण पार्टी, देश, समाजप्रति समर्पित व्यक्तित्वहरु ओझेलमा देखिन्छ। संविधानले भने वमोजिम अगाडि बढाउनु पर्ने र जिताउनु पर्ने वर्ग बारे प्रष्ट उल्लेख गरेको छ ।

विशेषगरी महिला र दलित समुदायको सहभागिता सुनिश्चित गर्न बाध्यकारी संविधानिक व्यवस्था गरेको छ । स्थानीय तहको पदाधिकारी मध्ये एक महिला र वडामा एक दलित महिला अनिवार्य गर्नुको अर्थ स्थानीय सरकार समावेशी समानुपातिक बन्नु पर्नेमा जोड दिनु हो । शिक्षित र चेतनशील स्थानीय जनप्रतिनिधिहरुको अभावले समाजमा विकृति, विसंगतिका साथै विभेदपूर्ण व्यवहारहरु देखिएका छन् ।


संकट र विपद् व्यवस्थापनको समयमा राहत वितरण र पुनर्स्थापनाको काममा पनि समानुपातिक र न्यायोचित व्यवस्था गर्न पनि सबैको आवश्यकता पर्छ। दीगो विकासका पूर्वाधारमा ध्यान नदिई प्राकृतिक स्रोत र साधनको दोहन बढ्दो क्रममा छ। प्रत्येक गुनासा र समस्याको समाधान गर्न स्थानीय तहका जनप्रतिनिधि सचेत र इमान्दार बन्नुपर्नेछ । अझ स्थानीय सरकारको मूलअवधारणा र सिद्धान्त आत्मसाथ गर्नु भनेको व्यवहारमा समानुपातिक सहभागिता सुनिश्चित गर्नु हो । नेपालको संविधानको अनुसूचीमा २२ वटा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा १५ वटा संघ, प्रदेश र स्थानीय तहको साझा अधिारको सूचीहरु व्यवस्था गरिएको छ ।

समानुपातिक सहभागिता मूलक सिद्धान्तका आधारमा समता मूलक समाज निर्माण संभव छ । निर्वाचनलाई निष्पक्ष र धाँधली रहित तरिकाबाट सम्पन्न गराई योग्य, सक्षम, इमान्दार, जनपक्षधर र जनउत्तरदायी व्यक्तिलाई स्थान दिइ आफ्नो अमूल्य मत दिइ विजय बनाउन हामी सबै नेपालीको कर्तव्य हुन आउँछ । किनकि राजनीति सेवामूलक हो । राजनीतिक गर्नेमा त्याग, बलिदान र नैतिकताको प्राथमिकतामा पर्दछ । त्यस्ता व्यक्तिबाट जनमुखी शासन व्यवस्थाको अपेक्षा गर्न सकिन्छ। देशको संविधानले मुलुकको सार्वभौम सत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित तुल्याउने छ। त्यसकारण क्षणिक र निहित स्वार्थका खातिर आफ्नो मत नदिई सचेत नागरिकको भूमिका निभाउन आजको आवश्यकता हो ।

संवैधानिक व्यवस्थाबाट न्याय प्राप्तिमा महिला, विपन्न, दलित लगायत सीमान्तकृत समुदायको साथै आम जनताको न्याय निरुपण प्रायः गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका उप-प्रमुख कै अध्यक्षता हुने गरिएको छ । विवाद निरुपण गर्दा राजनीतिक सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिकलाई समेटेर गर्नु पर्दछ ।

नीति निर्देशिका सबैलाई समेटेर बनाउनु पर्ने हुँदा सुझबुझका साथ अनुभवी राजनीतिज्ञ र कानूनविद्द्वारा बनाउनु पर्ने हुन्छ। स्थानीय तहमुलुकको आर्थिक प्रगतिका आधारभूत इकाई हुनुका साथै संघीय र प्रदेश सरकारका नीतिलाई कार्यान्वयन गर्ने प्रमुख अंग पनि हुन् । यस अर्थमा सबैको ध्यान पुग्न सचेत नागरिको परम कर्तव्य हुन आउँछ । देशको स्वाधिनता, स्वतन्त्रता तथा राष्ट्रियताको लागि सबै जनताको उत्तिकै समावेशी समानुपातिक सहभागिता आवश्यकता हाम्रो नयाँ संविधान २०७२ ले तोके वमोजिम जाति, भाषा, क्षेत्र, लिङ्गको समावेशी सिद्धान्तलाई इमान्दारिता पूर्वक लागु गर्नु पर्दछ ।

तसर्थ आगामी चुनाव हुन केही दिन बाँकी हुँदै सबै दलका नेताहरुले कसैलाई काँखमा, कसैलाई पाखामा नगरी समावेशी समानुपातिक उमेद्वार चयन गर्दा समातामूलक समाज निमार्णमा बल पुग्नेछ ।






# नोट चल्ने, भोट नचल्ने !

सर्वोच्च अदालतले समेत विदेशबाट मत दिन पाउने व्यवस्था गर्न सरकारका नाममा अन्तरिम आदेश दिएको ४ वर्ष बितिसक्दा पनि सरकारले कुनै पहल नगर्दा लाखौं मतदाता मताधिकार बाट बञ्चित भइरहेका छन् ।



■ तिलु शर्मा पौडेल

“ खाडी राष्ट्र कतारमा कार्यरत केही श्रमिकलाई आगामी वैशाख ३० गते हुन लागी रहेको स्थानीय निर्वाचनबाट तपा‘ईको अपेक्षा के छ ? सरकार सँग तपा‘ईको अपेक्षा के हो ? संविधानले मताधिकार सुरक्षित गर्दा पनि मतदान प्रक्रियाबाट वञ्चित हुनु पर्दा कस्तो लागी रहेको छ ? परदेशबाट भोट नचल्ने नोट चल्ने लगायतका विषयमा करिब आधा दर्जन व्यक्तिहरु संग प्रश्न तेर्साएका थियौ । उनीहरुको प्रतिक्रिया जस्ताको त्यस्तै यस्तो रह्यो ।

नेपाल सरकारले यही वैशाख ३० गते स्थानीय तहको निर्वाचन घोषणा गरेको छ। अहिले चुनावलाई लिएर राजनीतिक दलहरु प्रचार प्रसारमा जुटेका छन् । आफ्नो पार्टीले बहुमत ल्याउने दाबीसहित सक्दा चर्का भाषण गरिरहेका छन् । मतादाता नामावलीमा नाम होस् कि नहोस् जनता आफू तिर तान्ने होडबाजी चर्को छ। नेपालमा चुनावी माहोल तातिरहेकै बेला विदेशमा बस्ने नेपालीहरूको हक र अधिकारका लागि कोही बोलेको पाइँदैन। विश्वका विभिन्न देशमा रहेका नेपालीहरूले आफूले मताधिकार पाउनु पर्ने आवाज बेला बेलामा उठाए पनि यसको न्यायोचित सम्बोधन हुन् भने सकेको छैन ।

नेपालको संविधानको धारा ८४ (५) मा अठार वर्ष उमेर पुगेका प्रत्येक नेपाली नागरिकलाई कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुने व्यवस्था गरेको छ भने धारा १७६(५) मा अठार वर्ष उमेर पुगेका प्रदेशको प्रत्येक नेपाली नागरिकलाई कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार प्रदान गरेको छ । यसको अतिरिक्त धारा २२५(५) मा अठार वर्ष उमेर पुगेका गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई गाउँपालिकाको लागि मतदान गर्ने अधिकार हुने व्यवस्था गरेको छ भने धारा २२३(५) मा अठार वर्ष उमेर पुगेका नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई नगर पालिकाको लागि मतदान गर्ने अधिकार हुने व्यवस्था गरेको छ ।

सर्वोच्च अदालतले समेत विदेशबाट मत दिन पाउने व्यवस्था गर्न सरकारका नाममा अन्तरिम आदेश दिएको ४ वर्ष बितिसक्दा पनि सरकारले कुनै पहल नगर्दा लाखौं मतदाता मताधिकार बाट बञ्चित भइरहेका छन् । खाडी राष्ट्र कतारमा कार्यरत केही श्रमिकलाई आगामी वैशाख ३० गते हुन लागी रहेको स्थानीय निर्वाचनबाट तपा‘ईको अपेक्षा के छ ? सरकार सँग तपा‘ईको अपेक्षा के हो ? संविधानले मताधिकार सुरक्षित गर्दा पनि मतदान प्रक्रियाबाट वञ्चित हुनु पर्दा कस्तो लागी रहेको छ ? परदेशबाट भोट नचल्ने नोट चल्ने लगायतका विषयमा करिब आधा दर्जन व्यक्तिहरु संग प्रश्न तेर्साएका थियौ । उनीहरुको प्रतिक्रिया जस्ताको त्यस्तै यस्तो रह्यो ।

कतारमा लामो समय देखि कार्यरत बेशिशहर -३, लमजुङका विनोद  बर्सौला भन्छन् वैशाख ३० गते हुन लागिरहेको स्थानीय निर्वाचन बाट प्रत्येक स्थानीय निकायमा उक्त ठाउको चौतर्फी विकास गर्न सक्ने क्षमतावान् व्यक्ति, त्यहाँको भूगोलको ज्ञान भएको, आफ्नो स्थानीय स्तरको विकासको लागी स्थानीय स्तरमा भएका सम्पूर्ण स्रोत र साधनहरूको ज्ञान भएको,  सम्पूर्ण जात जाति, भाषा भाषीको भावनाको बुझेको, सक्षम, इमान्दार साथै क्षमतावान्, स्थानीय जनता प्रति पूर्ण रूपमा बफदार जनप्रतिनिधि देशको सबै स्थानीय निकायले प्राप्त गर्न सकोस् भन्ने अपेक्षा गरेको छु। साथै स्थानीय स्तरका जनताले पनि आफ्नो पार्टी, धर्म, लिङ्गको व्यक्ती भन्ने तर्फ भन्दा आफ्नो स्वविवेकले आफ्नो ठाउको समग्र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने सक्षम जनप्रतिनिधिलाई जिताउन आफ्नो महत्त्वपूर्ण अधिकार मताधिकार प्रयोग गरुन् भन्ने अपेक्षा गरेको बताए । उनले राज्यबाट मताधिकार प्राप्त भए पनि अन्य नागरिक सरह हामी प्रवासमा भएका नागरिकको मताधिकार राज्यले प्रयोग गर्न नखोज्नु अथवा यसको लागी उचित प्रविधि र संयन्त्र तयार नगर्नु दुखद कुरा भएको बताउँदै प्रत्यक्ष रूपमा रेमिटेन्स मार्फत राज्यको आर्थिक समृद्धिको लागि आफ्नो रगत पसिना बगाएका नेपाली नागरिकहरूको नोट चल्ने तर भोट नचल्ने कुरा हाम्रो लागि ठुलो विडम्बना भएको बताए। उनले आफ्नो ठाउको विकासको लागी कुन व्यक्ति योग्य छ भनेर विश्लेषण गर्न सक्ने युवाहरू प्रवासमा रहेको र कुनै  कुनै प्रलोभनमा नपरी आफ्नो मताधिकार प्रयोग गर्न सक्ने क्षमता राख्छ उही युवा मताधिकारबाट वञ्चित हुँदा त्यसको असर प्रत्यक्ष रूपमा उसको गाउँ, समाज र देशमा पर्ने हुँदा प्रवासमा रहेका सम्पूर्ण नागरिकलाई मतदान गर्न पाउने उचित प्रविधि सहितको व्यवस्था गर्नु राज्यको दायित्व रहेको बताए ।

मदाने गाउँपालिका ३ सिर्सेनी गुल्मीकी कल्पना घर्तीले आगामी स्थानीय निर्वाचन मा आफूले मतदान दिन नपाउँदा भन्दा पनि राज्यले गरेको उपेक्षा प्रति निकै दुख लागेको प्रतिक्रिया दिइन्। उनले प्रदेश बस्दा वास्तवमै विकास के हो र कस्तो जनप्रतिनिधि छान्दा विकास र समृद्धि सम्भव हुन्छ त्यो युवा वर्गको मतले निर्णय गर्न सक्थ्यो तर त्यसो हुन नसक्दा आफूहरू अपमानित भएको महसुस गरेको बताइन्। उनले विदेशमा रहँदा अन्य देशका नागरिकले यहीबाट मत दिएर असल नेता छानेको आफूले प्रत्यक्ष देखेको हुँदा सर्वोच्च अदालतको आदेश र संविधानको अक्षरशः पालना गर्न सरकार समक्ष आग्रह गरिन्। स्याङ्जा अर्जुन चौपारी ५ आरु चौरका अर्जुन पौडेलले लह लहैमा भन्दा पनि बुझेर पार्टीलाई भन्दा गर्न सक्ने व्यक्तिलाई  आफ्नो विवेकले भोट हाल्न सक्ने करिब ४० लाख युवा विदेशमा छ । राजनीतिमा  वितृष्णा बढ्दै गएको बेला यी विदेशमा रहेका स्वविवेकी मतलाई निर्णायक मतमा परिणत गर्ने सके अवश्य पनि सबल नेतृत्वको उदय हुने थियो । नत्र विवेकी मतदाताको रेमिट्यान्सले असक्षम नेतृत्वको चुलो बाल्ने बाहेक केही नहुने बताए ।

धनकुटा जिल्ला, चौबिसे गाउँपालिका वाड न. ८ का तिल विक्रम मगरले स्थानीय चुनावमा आफूले इच्छाएको प्रतिनिधिलाई भोट दिनबाट बञ्चित हुनुपर्दा अधिकार खोस्दै अपमान गरेको महसुस हुने गरेको बताए । उनले रहरले विदेशिएको नभई सरकारले देशका नागरिकहरूलाई क्षमता अनुसारको रोजगारीको व्यवस्थापन गर्न नसक्दा विदेशिनु परेको बताउँदै विदेशमा श्रम गरेर पठाइएको रेमिट्यान्सले देशको अर्थतन्त्र धान्न टेवा पुग्छ भने मेरो मताधिकार प्रयोग गर्न किन नमिल्ने भनी सरकारलाई प्रतिप्रश्न गरेका छन् । मगर भन्छन् प्रवासबाटै मलाई पनि मैले इछ्याएको जनप्रतिनिधिलाई भोट दिनु पाउनुपर्ने उनको माग छ ।

हामी प्रवासीलाई हर्ष न विस्मात बनाएको छ चुनावले, डेढ दशकदेखि देश बाहिर छु, अहिलेसम्म कुनै चुनावमा मताधिकार प्रयोग गर्ने सौभाग्य प्राप्त भएको छैन । सर्वोच्च अदालतको आदेश अनुसार वैदेशिक रोजगारमा रहेकालाई पनि मताधिकार प्रयोग गर्ने वातावरण सिर्जना गर्न भनिएको आदेश अहिले सम्म लागु भएको छैन र सरोकारवालाहरूका लागि चासोको विषय नै नरहेको अवस्थामा टुलुटुलु हेरेर बस्नु बाहेक केही विकल्प नबहेको मालिका ५, मगरदाङ म्याग्दीका नरेन्द्र फगामीले प्रतिक्रिया दिए। ठुलो संख्यामा मतदाताहरू विदेशमा रहेको देशले लोकतान्त्रिक चुनावमा ठुलो हिस्सालाई मताधिकारबाट बेवास्ता गर्दै आइरहेको बताए ।

स्थानीय निर्वाचन मा विदेशमा रहेका आम नेपाली ले भोट (मताधिकार) गर्न पाउनुपर्ने ता कि हामीले सही नेतृत्व चुन्न पाउने थियौं, मताधिकारको लागि अन्य राष्ट्रका सरकारले विदेशमा रहेको राजदूतावासबाट भोट गर्ने माहोल दिएको छ, तर नेपाल सरकारले पनि नेपाली राजदूतावासबाट भए पनि मत दिने व्यवस्था गर्नुपर्ने सिरान्चोक गाउँपालिका गोर्खाका विवेक पुलामी मगरले माग गरेका छन् ।

नेपाल सरकारले संस्थागत एक सय १० र व्यक्तिगतरूपमा १७८ देशमा रोजगारी गर्न जानको लागि श्रम इजाजत दिने गरेको छ । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार नै करिब ४५ लाख नेपालीहरू श्रम इजाजत लिएर नेपाल बाहिर रोजगारी गरिरहेका छन् । उनीहरूले एक वर्षमा मात्र करिब १० खर्ब रेमिट्यान्स पठाउने गरेको डाटा समेत छ । रेमिट्यान्सको मुख्य हिस्सा खाडीमा कार्यरत रहेका मजदुरहरुले ओगेटेका छन्, तर यिनै नेपालीहरूलाई भने नेपालको तीनै तहको निर्वाचनमा मताधिकारबाट बञ्चित गरिँदै आइएको छ ।


















# भ्युटावर होइन, विद्यालय बनाऊ !

अहिले संसारभर आधुनिक विकासको रफ्तार तीव्र छ । नेपालको सन्दर्भमा हेर्‍यौं भने सत्ताको वरीपरी रहेका दलका नेताहरुको प्रयास, प्रयत्नले कूनैपनि प्रविधिको प्रसारण, सूचनासम्म नागरिकहरु समक्ष पुऱ्याउन सकिरहेका छैनन् ।



■ शुरेश भट्ट 'आश्रिन'

'माल पाएर चाल नपाएको' हामी नेपाली कस्तुरी मृग झैं भयौं । सुगन्ध खोज्न पुरै संसार चाहाछौं, तर आफैंमा रहेको सुगन्ध चिन्न सक्दैनौं । देशका ठूला पार्टीका शीर्ष नेताहरू अहिले प्राकृतिक शुन्दरतामाथि कुरुप भ्यु टावरहरू निर्माण तथा शिलान्यास गर्दै गरेको दृष्यहरूले सम्बद्ध पार्टीका केही मानिसहरुमा रौनक त ल्यायो होला, तर अधिकांश नागरिकलाई सुन्दर प्राकृतिक टाकुराहरूमाथिको मानव निर्मित कुरूप भ्युटावरहरू खासै उर्जा भर्न सकेको छैन । योजनाबिना बनेका यस्ता संरचनाहरु नागरिकका निम्ति 'बादरको पुच्छर लौरो न हतियार' सावित भएका छन् ।

देशमा विद्यालयहरु राम्रा छैनन्, अस्पताल राम्रो छैन, गर्व गर्न सक्ने एउटा मात्र पनि सुविधासम्पन्न सार्वजनिक शौचालयसमेत छैन । तर नेताहरू भ्यु टावर बनाएर बेरोजगार युवाको पीडा, बाटोमा हिँड्दा पनि डराइडराइ हिँडिरहेका दिदिबहिनी, सिटामोल नपाएका नागरिक हेरेर दंग छन् । एउटा वडामा एउटा ईमर्जेन्सी सेवासहितको गुणस्तरीय स्वास्थ्य चौकीको अवधारणा पुरा गर्न सरकारलाई अझै १० वर्ष लाग्ने देखिन्छ । पिउने पानीको अभावमा धेरै स्थानीय तहका गाउँ छट्पटाइरहेका छन् । नागरिकका छोराछोरीहरूले राम्रो बेञ्चमा बसेर पढ्न पाइरहेका छैनन् । नागरिकलाई हरतरहको सास्ती छ । तर सरकारको प्राथमिकतामा भने भ्युटावर पर्नु भनेको 'रावणलाई सुनको लंका' सुम्पिनु सरह भएको छ ।

हाम्रो संविधानले हरेक नागरिकले स्वच्छ वातावरणमा बाँच्न पाउनुपर्छ भनेर मौलिक हकमा उल्लेख गरेको छ । तर संघीय सरकारको विज्ञान, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार अन्तर्गतका सरोकारवाला मन्त्रालयहरू र स्थानीय तहमा स्पष्ट जानकरी नहुँदा संविधान-२०७२ को भाग-३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३० मा स्वच्छ र स्वस्थ वातावरणमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई समेत बे-वास्ता गर्दै पर्यावरणलाई नै जोखिममा राखेर कंक्रिटका टावरहरू निर्माण गर्दा वातावरणीय प्रदूषण त हुने नै भयो, मानव र प्राकृतिक बीचको समूचित सन्तुलनलाई समेत विकासको नाममा विनाश बनेका टावरहरूले बिगारिदिएको छ ।

> हाम्रो त प्रकृतिले नै यस्तो राम्रो राम्रो भ्यू टावर बनाइदिएको छ कि, कृत्रिम भ्यू टावर बनाउन आवश्यकै पर्दैन । हामीले गर्नुपर्ने के हो भने, यि त्यस्ता थुम्काहरु, डाँडाका टुप्पाहरु, त्यस्ता ठाउँहरु पहिचान गरेर जहाँबाट राम्रो भ्यूहरु देखिन्छ, त्यो ठाउँमा जाने व्यस्थित पैदलमार्ग सिँडिका खुड्किलाहरु बनाउने हो ।

अहिले संसारभर आधुनिक विकासको रफ्तार तीव्र छ । नेपालको सन्दर्भमा हेर्‍यौं भने सत्ताको वरीपरी रहेका दलका नेताहरूको प्रयास, प्रयत्नले कूनैपनि प्रविधिको प्रसारण, सूचनासम्म नागरिकहरू समक्ष पुऱ्याउन सकिरहेका छैनन् । नागरिकहरु आफ्नै प्रयास र बुतामा टेक्नोलोजीसम्म पुगेका छन् । नेताभन्दा जनतामा विकासका मोडलहरूको बारे राम्रो ज्ञान भएको पाइन्छ । तर दुःखको कुरा नागरिक आफू सही छु भन्ने जान्दा-जान्दै पनि प्रकृति, पर्यावरण विरूद्ध भौतिक निर्माणकार्यलाई अघि बढाइरहेका नेताहरूलाई काँध हाल्न किन बाध्य छन्, हामी यहीँ चुक्दै छौं ।

हाम्रो छिमेकी देशहरूले प्रविधि, सूचना, प्रविधिको विकास र पर्यावरणलाई केन्द्रमा राखेर विकासको गति बढाइरहेको देख्न सकिन्छ । आजको नेताले गर्ने पनि यही हो । नेपालको हकमा भने प्रकृति र पर्यावरणलाई केन्द्रमा राखेर 'कसरी दोहन गर्न सकिन्छ ?' भनेर सजिलै बुझ्न समकालीन राजनीतिक पार्टीहरूबीचको राजनीति भनेकै भ्युटावर बनाउने हो भन्ने प्रतिस्पर्धा चलिरहेको छ । यो विकास हो, वा देशको बजेट सिध्याउने, कार्यकर्ता रिझाउने र हाम्रा शुन्दर थुम्का, डाँडाहरूलाई कुरूप अज्ञानता भन्ने त छिट्टैनै त्यहि कार्यकर्ताहरूले पनि बुझिहाल्ने छन् ।

हामीलाई प्रकृतिले दिएको ४२ सय मिटर उचाईको धादिङको पाङसाङ, ४४ सय मिटर उचाईको सोलुको पिके डाँडा आफैंमा भ्युटावर हुन् । यस्ता सयौं हरिया डाडाँ थुम्काहरुमा भ्युटावरहरू आवश्यक कति कारणले छन् ? योजना आयोगका कुन रिपोर्टमा कहाँ भ्युटावर बनाउन सिफारिस गरिएको छ ? भ्युटावरले संविधानको कुन मौलिक हकलाई पूर्ति गरेको छ ? अब प्रश्न सोध्ने बेला आएको छ । 'श्राद्ध गर्दा बिरालो बाध्ने' कथा झैं भ्यु टावरको





पनि कुनै औचित्य छैन । नागरिकका सबाल अनुत्तरित छन् । त्यसमाथि रंग न ढंगका अग्ला टावर । के साँच्चिकै त्यसले पर्यटक तान्ला ? भ्यू टावरका नाममा पहाड खनेर सिमेन्ट थुपार्ने कामले पर्यटक तान्ने नभई पर्यटकलाई तर्साउने काम गर्छ, प्रकृतिको शुन्दर रूप छेकिन्छ । दुबईको बुर्ज खालिफा छोडेर हाम्रा भ्युटावर हेर्न कुन पर्यटक किन आउने ?

हाम्रो त प्रकृतिले नै यस्तो राम्रो राम्रो भ्यू टावर बनाइदिएको छ कि, कृत्रिम भ्यू टावर बनाउन आवश्यकै पर्दैन । हामीले गर्नुपर्ने के हो भने, यि त्यस्ता थुम्काहरु, डाँडाका टुप्पाहरु, त्यस्ता ठाउँहरु पहिचान गरेर जहाँबाट राम्रो भ्यूहरु देखिन्छ, त्यो ठाउँमा जाने व्यस्थित पैदलमार्ग सिँडिका खुड्किलाहरु बनाउने हो । त्यस्ता स्थानमा क्याफे सहितका पार्क बनाए पुग्थ्यो । पदमार्गीलाई बाटोमा बस्ने एउटा चौतारी, पानी र ट्वाइलेट बनाइदिन सके आन्तरिक अनि बाह्य पर्यटकका निम्ति हाम्रा डाडाहरु नै प्राकृतिक भ्यु टावर हुन् ।

देशमा १८.७ प्रतिशत नेपाली जनता निरपेक्ष गरिबीको रेखामुनि छन् । राष्ट्रिय योजना आयोगले ३ वर्ष अगाडि गरेको एक सर्वेक्षणले पनि २८.६ प्रतिशत मानिस गरिब छन् । उनीहरूलाई बिहान बेलुका हात मुख जोड्न नै धौ-धौ परिरहेको छ भन्ने तथ्यांकले देखाएको छ । खासगरी देहातमा रहेका यस्ता नागरिकका लागी स्थानीय तहले आधारभूत आवश्यकता विद्यालय, अस्पताल, खानेपानी, ढल, सडक जस्ता पूर्वाधार निर्माणमा रकम खर्चिनु पर्नेमा झन्डै १७ अर्ब रुपैयाँ अनुत्पादक ठाउँमा खर्च हुँदा देशको ढुकुटी रित्तिने मात्र होईन, नेताहरुको असक्षमताको पराकाष्ठा पनि हो । यस्ता तीनै तहका जनप्रतिनिधिहरूको अदूरदर्शिताका कारण बारम्बार संघीयता र संविधान माथी प्रश्न उठ्नुको एउटा कारण पनि यस्तै अनुत्पादक ठाउँमा बेपरवाह खर्च गर्नू हो ।

नेपाल प्रचुर मात्रामा पर्यटकीय सम्भावना बोकेको देश हो । पर्यटकहरूको रोजाई अनुसार भ्युटावरहरू निर्माण हुनु आवश्यक पनि छ । तर भ्युटावर कुन स्थानमा कस्तो निर्माण गर्ने भन्ने विषयमा अध्यायन अनुसन्धानविना निर्माण भएका भ्युटावरहरू अनावश्यक छन् । भिजिट नेपालको अवधारणाको कारण नै धेरै भ्यु टावर निर्माण भएका हुन् भने पनि आवधिक योजना बनाएर निर्माण हुनुपर्छ ।

नेपाल जस्तो अल्प-विकसित राष्ट्रले ऋण लिएर नै विकास गर्ने हो, गरिरहेका छन् तर ऋण लिएर लगानी गरिएका आयोजनाहरूको कस्ता छन् र देशले ती आयोजना मार्फत अर्थतन्त्रलाई कतिको टेवा पुऱ्याइरहेका छन् भन्ने कुरा स्पष्ट हुन जरुरी छ । हामीले एक रुपैयाँ पनि लगानी गर्दा त्यसले प्रतिफल दिन सक्नुपर्छ । अर्थतन्त्रमा योगदान गर्नुपर्छ वा नागरिकका निम्ति फलदायी हुन जरुरी छ । देशले लिएको ऋणले पुँजी निर्माण र उत्पादनशील क्षेत्रमा लगानी लगाउनुपर्ने हो। अर्थतन्त्र धरासायी बनाएर कंक्रिटको टावर बनाउनु मुर्खता हो । अहिले हाम्रो देशमा संकलन हुने राजस्वले चालु खर्च समेत धान्न छाडिसकेको छ । चालु खर्च धान्न पनि ऋण लिनुपर्ने अवस्थामा भ्यु टावर बनाउनु अराजनैतिक प्राथमिकता हो । सिटामोल, जीवन जल नपाएर ज्यान गुमाउने बालबालिकाहरु, स्कुल जान नपाउने विद्यार्थीका निम्ति र रोजगारीका निम्ति खाडी धाउने युवाहरुका निम्ति भ्यु टावरे विकास सत्ता र सरकारले गरेको भद्दा मजाक हो, आगामी पुस्ताका निम्ति गरेको पाप हो ।







## नागरिक पेन्सन योजना

### नेपालको समृद्धिको सहयात्री

सर्वसाधारण नागरिक तथा वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुलाई बचत गर्न प्रोत्याहित गरी कुल राष्ट्रिय बचत बृद्धिमा समेत सहयोग पुऱ्याउने , त्यस्तो वचतलाई देशको आर्थिक विकासमा परिचालन गर्ने र सक्रिय जीवनकालमा जम्मा गरेको रकमबाट बचतकर्ताको जीवनयापनलाई सहजीकरण गर्ने उद्देश्यले 'जवानीमा कमाऔं जमाऔं, बुढेशकालमा रमाऔं' भन्ने नारा सहित कोषको बचत कार्यक्रमको दायरामा नसमेटिएका नेपाली नागरिकलाई आवद्ध गराई बृहत रुपमा 'नागरिक पेन्सन योजना ' संचालन र व्यवस्थापन गर्न यो कार्यक्रम ल्याइएको हो ।

**सहभागीता :**

यस पेन्सन योजना अर्न्तगत आय आर्जन गर्ने व्यक्तिहरु, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था एवंम् प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्छन ।

- यस कार्यक्रममा सहभागी हुने बचतकर्ताहरुले न्यूनतम मासिक रु.५००।-देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा रकम जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक रुपमा रकम जम्मा गर्न सकिने व्यवस्था मिलाइएको छ । यस्तो किस्ता बुझाउँदा मासिक रु.५००।- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ ।
- मिति २०७७ आश्विन देखि सूरु गरिएको यो योजना कार्यान्वयनको प्रारम्भिक चरणमा रहेता पनि नेपालका लागि पहिलो कार्यक्रम रहेकोले सर्वसाधारणको आकर्षण व्यापक रहेको छ । यस योजनामा छोटो अवधिमा नै सर्वसाधारण एवं स्वरोजगार व्यक्तिहरुको उल्लेख्य सहभागिता रहेको छ । साथै यस योजनामा सहभागी हुन अनलाइन रजिस्टर्ड सेवा समेत सुरु भैसकेको छ ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

- पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको हुनुपर्ने छ ।
- बचतकर्ताले पेन्सन योजनाबाट सहभागी हुन नचाहेमा १५ वर्षको बचत नगर्दै वा १५ बर्ष पश्चात पनि त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भूक्तानी लिन सक्ने छन ।
- कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रुपमा तोकिएको न्यूनतम किस्ताले हुने रकम जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन् ।

**पेन्सन गणना विधि:**

सहभागीले जम्मा गरेको बचत, त्यसको ब्याज र कोषले यो कार्यक्रममा संकलन भएको रकम लगानी गरी संचालन खर्च कटाएर प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजले जीवनकालभर पेन्सन पाउनेछन् । निजको शेषपछि निजको परिवार र परिवारको पनि शेषपछि निजको हकवालाले बाँकी रकम एकमुष्ठ पाउनेछन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय, नयाँ बानेश्वर काठमाडौं
फोनः ०१-५९७०२०१, वैवसाइटः www.nlk.org.np






# चुनाव : पैसाको प्रतिस्पर्धा !

रुपैयाँ नहुनेलाई राजनीतिबाट विस्थापित गरेर वैध-अवैध धनको खोलो बगाउन सक्ने धनाढ्य र नवधनाढ्यको राजनीतिमा वर्चस्व स्थापित गर्ने खतरा बढेर गएको छ ।



■ शिवराज परियार

सरकारले वैशाख ३० गते स्थानीय चुनावको मिति घोषणा गरेको छ । त्यसैको तयारीमा राजनीतिक दल, निर्वाचन आयोग र मतदाता पनि देखिएका छन् । राजनीतिक दलहरु निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्नका लागि प्रचार-प्रसारमा लागि परेका छन् भने आयोग पनि मतपत्र छपाईदेखि राजनीतिक दलहरु माथि निगरानी गर्नेसम्मको काममा व्यस्त छ। यता मतदाता पनि आफूले प्राप्त गरेको मताधिकारको प्रयोग गर्न आफ्नो स्थानीय तहसम्म पुग्ने जमर्कोमा देखिन्छन् ।

देशमा संघीयता कार्यान्वयन भएपछिको दोस्रो पटक हुन लागेको निर्वाचनले एक प्रकारको उल्लास पक्कै ल्याएको छ । तर, निर्वाचनका क्रममा हुने कतिपय गतिबिधिले चुनाव स्वच्छ, स्वतन्त्र र निष्पक्ष रुपमा हुन नसकेको दर्साउँछ ।

केही दिन अगाडिमा मात्रै नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले निर्वाचन अत्याधिक खर्चिको भएको अभिव्यक्ति दिए । उनले २०७४ सालमा भएको संघीय निर्वाचनमा आफूले ६ करोड रुपैयाँ खर्च गरेको बताएका थिए । नवलपुर-१ बाट निर्वाचित उनले २०७० सालमा ३ करोड रुपैयाँ र २०७४ सालमा ६ करोड रुपैयाँ खर्च भएको बताएका थिए । उनको अभिव्यक्ति फगत एक कार्यक्रमको भाषण मात्रै थिएन, त्यसले निर्वाचन आयोगकोसमेत ध्यानाकर्षण भएको छ। आयोगले नेता कोइरालासँग चुनावी खर्चबारे दिएको अभिव्यक्तिलाई लिएर जवाफसमेत मागेको छ। नेता कोइरालाले आयोगमा पेश गरेको विवरणमा भने २१ लाख ७५ हजार मात्र रकम खर्च भएको बताएका थिए। आयोगले २०७४ को संघीय निर्वाचनमा अधिकतम २५ लाख रुपैयाँसम्म खर्च गर्न पाउँने व्यवस्था गरेको थियो ।

वैशाख ३० मा हुने निर्वाचनका लागि पनि आयोगले खर्चको सीमा तोकेको छ। जस अनुसार महानगरपालिकाका प्रमुख-उपप्रमुखका उम्मेदवारले सात लाख ५० हजार, उपमहानगरपालिकाका प्रमुख-उपप्रमुखले पाँच लाख ५० हजार, नगरपालिकाका प्रमुख-उपप्रमुखले चार लाख ५० हजार र गाउँपालिकाका अध्यक्ष-उपाध्यक्षले तीन लाख ५० हजार खर्च गर्न पाउने आयोगले जनाएको छ। तर, आयोगले तोकेको भन्दा धेरै खर्च हुने जानकारहरु बताउछन् ।

अर्थशास्त्री केशव आचार्यका अनुसार दलहरु राजनीतिलाई जनताबाट खोसेर सानो समूहको स्वार्थ र लाभमा चल्ने बनाउने दाउमा लागेका छन् । त्यसका लागि उनीहरुले अबलम्बन गर्ने पद्धति भनेको गाउँ-गाउँमा भोजभतेर, पार्टी प्रवेश कार्यक्रमलगायतका तडकभडक गर्ने र आयोगले तोकेको सीमाभित्र रहेर खर्च विवरण पठाउने नै हो । यसले रुपैयाँ नहुनेलाई राजनीतिबाट विस्थापित गरेर वैध-अवैध धनको खोलो बगाउन सक्ने धनाढ्य र नवधनाढ्यको राजनीतिमा वर्चस्व स्थापित गर्ने उनको भनाइ छ ।

> ६
> २०७४ को निर्वाचनलाई फर्केर हेर्ने हो भनेपनि नेपाली कांग्रेसका नेता डा.शशांक कोइरालाले भनेजस्तै पैसा नहुँदा चुनाव जित्नै नसकिने परिस्थिति बन्दै गएको छ ।




२०७४ सालको निर्वाचनलाई फर्केर हेर्ने हो भने पनि त्यसको झल्को आउँछ । गाउँपालिकाको वडा अध्यक्षमा उठ्ने उम्मेद्वारले नै करिब करोड रुपैयाँ खर्च गर्ने गरेको नेता कार्यकर्ताहरुले अनौपचारिक कुराकानीमा बताउने गरेका छन् । सोलुखुम्बु जिल्लाका एक नेताले त यहि रफ्तारमा निर्वाचनको खर्च बढ्दै जाने हो भने अबको केही दशक पछाडिको निर्वाचनमा नेपाल राष्ट्र बैंकले मात्रै चुनाव लड्न सक्ने बताएका थिए । नेताहरुले अनौपचारिक रुपमा गर्ने कुराकानीमा चुनाव खर्च धेरै भएको बताउँछन् । उनीहरु पनि चुनाव खर्चिलो र भड्किलो बनाउन नचाहेको जस्तो अभिव्यक्ति दिन्छन् । तर चुनावका बेला उनीहरुको एउटै दाउ भनेको जित हाँसिल गर्नु हो । निर्वाचनको नतिजा आफ्नो पक्षमा पार्नका लागि उनीहरु सकेसम्मको हर्कत गर्न तयार हुन्छन् । र गर्छन् पनि ।

यी सबै दृष्टान्तले निर्वाचन आयोगको आचारसंहिता कोमामा पुगेको महशुष हुन्छ । आयोगले जारी गरेको आचारसंहितालाई दलहरुले निर्वाचन अवधीभर एउटा कुनामा थन्काएर राख्छन् । मतपरिणाम आएपछि आयोगले तोकेको मापदण्ड अनुसारको खर्च विवरण पेश गर्छन् । मुलुक संघीय संरचनामा गएपछि २०७४ मा भएको पहिलो पटक भएको निर्वाचनमा पनि दलहरुले त्यसैको झल्को दिएका थिए ।

२०७४ को निर्वाचनलाई फर्केर हर्नै पर्दैन केही दिन अगाडि मात्रै कांग्रेस नेता कोइरालाको भनाईले पनि दलहरुको तडकभडक छताछुल्ल भएको छ । उनीहरुको चुनावी खर्च विवरण भनेको आयोगमा एक प्रकारको र व्यबहारिक रुपमा फकर हुने गरेको उनको भनाईले पुष्टि गरिदिन्छ ।

नव वर्ष २०७९
को सुखद अवसरमा
स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
एम एस कार्की
प्रवन्ध निर्देशक, तथा
लक्की एच. आर. शोलुसन प्रा. लि.
परिवार
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४

नयाँ वर्ष २०७९
को
हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
कैलास खड्का
(अध्यक्ष)
तथा
नेपाल स्वास्थ्य व्यवसायी महासंघ
परिवार

नयाँ वर्ष २०७९
को
हार्दिक मंगलमय
शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
परिवार
ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन नं. ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९

नयाँ वर्ष २०७९
को
हार्दिक मंगलमय शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
चोलाकान्त पंगेनी
सभापति, तथा
नेपाली कांग्रेस जनसम्पर्क समिति, मलेसिया
एवं
पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४

# नसकिएको अस्थिरताको भय !



मुकुन्द लामिछाने

संवैधानिक निकायहरुमा नियुक्तिका लागि संवैधानिक परिषदले सिफारिश वा निर्णय गर्न बस्ने बैठकका लागि अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने कानूनी व्यवस्था छ ।

गत मंगलबार राष्ट्रियसभा सदस्य नारायण दाहालले पद तथा गोपनियताको सपथ लिएसँगै पाँच दलीय सत्तारुढ गठबन्धन दुई तिहाइ नजिक पुगेको छ। ५९ सदस्यीय राष्ट्रियसभामा अहिले एमालेको १७ र लोकतान्त्रिक समाजवादी पार्टीका एक सांसद हुने छन्। सत्ता गठबन्धनबाट माओवादीको १६, काँग्रेसको १०, नेकपा एसको ९, जसपाको ३ र राजमोको १ गरी ३९ सांसद हुनेछन्। स्वतन्त्र सांसद खिमलाल देवकोटा पनि गठबन्धन निकट हुन्। राष्ट्रपतिबाट मनोनित सांसद बामदेव गौतम पनि एमालेमा छैनन्।

रामनारायण बिडारीको स्थानमा मन्त्रिपरिषदबाट सिफारिश भई राष्ट्रपतिबाट मनोनित भएर नारायण दाहाल आएपछि सत्ता गठबन्धन दुई तिहाइ नजिक पुगेको हो। अब बामदेव गौतमको साथ मिलेमा गठबन्धनको सांसद संख्या ४१ पुग्नेछ। यस्तो अवस्थामा गठबन्धन राष्ट्रिय सभामा दुई तिहाईमा पुग्नेछ।

सत्ता गठबन्धनका दलहरु दुई तिहाईमा पुग्नु भनेको राष्ट्रियसभा निर्वाचित अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालाई हटाउन आवश्यम संख्या पुग्नु हो। संविधान अनुसार राष्ट्रियसभाको अध्यक्षलाई एक तिहाई सांसदले हटाउने सम्बन्धी प्रस्ताव दर्ता गर्न सक्छन्। पारित हुन भने दुई तिहाई आवश्यक पर्छ। यसकारण राष्ट्रियसभा अध्यक्षको पद रहने वा नरहने निर्णयका पछाडि बामदेवको साथ कता रहन्छ ? भन्ने विषयले अर्थराख्छ।

गौतमले साथ दिए भने राष्ट्रिय सभामा सत्ता गठबन्धनलाई दुई तिहाइ पुग्नेछ। गौतम मनोनीत सांसद भएकाले उनलाई दलीय ह्वीप लाग्दैन। र उनले दल त्याग गरेको कारणले सांसद पद जाँदैन। एमाले नेतृत्वकै सरकारको सिफारिशमा मनोनीत भएका दुई सदस्य पनि छन्। वामदेव गौतम र विमला राई पौड्याल। तर, गौतम भने एमालेबाट राजीनामा दिएर बसेका छन्। यसरी राष्ट्रिय सभामा एमालेको पक्षमा खुल्ने प्रष्ट सांसदको संख्या १८ मा सीमित छ।

एमालेसँग गठबन्धन गरिरहेको लोकतान्त्रिक समाजवादी पार्टीका शेखरकुमार सिंह पनि राष्ट्रिय सभा सदस्य छन्। यसरी पाँचदलीय गठबन्धन बाहिरबाट राष्ट्रिय सभामा १९ सांसद छन्। बाँकी ४० मध्ये ३९ सांसद पाँचदलीय सत्ता गठबन्धनका तर्फबाट हुनेछन्। ५९ सदस्यीय राष्ट्रिय सभामा दुई तिहाइ पुग्न ३९.३२ प्रतिशत अर्थात् ४० संख्या आवश्यक पर्छ। जुन पाँचदलीय गठबन्धनले पुऱ्याउन सकेन। बाँकी रहेका मनोनीत सांसद वामदेव गौतम कतै खुलेका छैनन्।

एमाले नेता ईश्वरी रिजालका अनुसार गौतमले दिएको राजीनामा स्वीकृत भएको छैन। तथापि, गौतमले आफू एमालेमा नरहेको बताउँदै आएका छन्। मनोनीत सांसदलाई सरकारले फिर्ता बोलाउने व्यवस्था पनि छैन। यस्तोमा गौतमको विश्वास जितेर राष्ट्रिय सभामा दुई तिहाइ पुऱ्याउने कसरत गठबन्धनले गर्न सक्छ। त्यस्तोमा गौतमले के निर्णय गर्छन् त्यसकै आधारमा राष्ट्रिय सभाबाट दुई तिहाइ बहुमतले गर्ने निर्णय अनुमोदन हुने वा नहुने निर्क्योल हुन्छ। राष्ट्रिय सभामा एक सिट सहित राष्ट्रिय जनमोर्चाको पनि इन्ट्री भएको छ। हाल राष्ट्रिय सभामा रहेका स्वतन्त्र सांसद खिमलाल देवकोटा नेकपा (एकीकृत समाजवादी) समर्थित हुन्।

## ‘ओली’कै कारण खतरा

२०७४ सालको राष्ट्रिय सभा निर्वाचनमा एमालेले २९, कांग्रेस १३, माओवादी केन्द्र १०, राष्ट्रिय जनता पार्टी (राजपा) र संघीय समाजवादी फोरमले २/२ सिट जितेका थिए। पछि नेकपा एमाले र माओवादी केन्द्र मिलेर नेपाल कम्युनिष्ट पार्टी (नेकपा बन्यो। र नेकपाले राष्ट्रिय सभामा स्पष्ट बहुमत पुऱ्याएको थियो।

दुईवर्षे कार्यकालको गोला तानेका १८ सांसद २०७६ फागुन २० गतेबाट बिदा भए। उक्त १८ सिटका लागि २०७६ माघ ९ गते भएको निर्वाचन भएको थियो। उक्त निर्वाचनसम्म आइपुग्दा तत्कालीन नेकपाको राष्ट्रिय सभामा दुई तिहाइ बहुमत पुगेको थियो। राष्ट्रिय सभामा मनोनीत सहित तत्कालीन नेकपाका ५० सांसद पुगेका थिए।

तत्कालीन नेकपाको प्रदेश र स्थानीय तहमा रहेको उपस्थितिका कारण कांग्रेसले ७ सिट पनि गुमाएको थियो। राष्ट्रिय सभा सदस्यमा प्रदेश सभा सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख मतदाता रहन्छन्। दुईवर्षे कार्यकाल पूरा गरेका सांसदहरु बिदा हुँदा राष्ट्रिय सभाका कांग्रेसका ६ जना सांसद बाँकी थिए। बाँकी ६ मध्ये आगामी माघ २० गतेबाट थप ३ जना बिदा हुँदैछन्। बुधबारको निर्वाचनसम्म आइपुग्दा नेकपा सग्लो थियो भने कांग्रेस ३ सिटमा खुम्चने थियो। तर, नेकपा एकता भंग भएर एमाले पनि विभाजित हुँदा एमाले बाहेकका दलहरुसँग गठबन्धन गर्दै अगाडि बढ्दा कांग्रेसले राष्ट्रिय सभामा ४ सिट थपेर १० पुऱ्याएको छ।

कांग्रेसले एक सिट गत जेठमा थपेको थियो। २०७४ सालको निर्वाचनमा माओवादी केन्द्र बाट निर्वाचित भएका चन्द्रबहादुर खड्काले दल त्याग गरेपछि रिक्त भएको पदमा गत जेठमा चुनाव भएको थियो, जहाँ कांग्रेसका तर्फबाट दृगनारायण पाण्डे प्रदेश सभा सदस्य बनेका थिए। तर उनी चारवर्षे कार्यकाल रहेका चन्द्रबहादुर खड्काको ठाउँमा निर्वाचित भएकाले आगामी फागुन २० गते विदा हुँदैछन्। यसरी कांग्रेसले चार सिट बढाएर १० पुऱ्याउँदै गर्दा प्रमुख विपक्षी एमालेले भने यही पटक ७ सिट गुमाएको छ। यसका पछाडि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधिसभा विघटनको प्रयास नै प्रमुख कारक हो। तत्कालीन नेकपाको तर्फबाट दुई तिहाइ बहुमत सहित सरकारको नेतृत्व गरिरहेका तत्कालीन प्रधानमन्त्री ओलीले ५ पुस २०७७ मा प्रतिनिधिसभा विघटन गरे। उनको असंवैधनिक कदमको विरोधमा तत्कालीन नेकपाभित्रकै पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल लगायतले कांग्रेससँग सहकार्य अगाडि बढाए।

पहिलो प्रतिनिधिसभा विघटन सर्वोच्च अदालतबाट बदर हुँदासम्म कसिलो बन्न नसकेको वर्तमान पाँचदलीय गठबन्धन ओलीले ७ जेठ २०७८ को मध्यराति फेरि प्रतिनिधिसभा विघटन गरेपछि थप दरिलो बन्यो। २०७८ फागुन २३ को सर्वोच्च अदालतको एउटा फैसलाले तत्कालीन नेकपाको एकता भंग गरिदियो। नेकपा एमाले र माओवादी केन्द्र ब्युँतिए। एमाले पनि सग्लो रहेन। माधवकुमार नेपाल नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) पार्टी बन्यो। र बुधबार राष्ट्रिय सभाको निर्वाचनसम्म आइपुग्दा पाँचदलीय गठबन्धनमा आवद्ध दलहरुले राष्ट्रिय सभामा आफ्नो उपस्थिति बढाए भने एमालेले ७ सिट गुमाउन पुग्यो।

## दुई तिहाइले के–के गर्न सक्छ ?

मनोनीत सांसद वामदेव गौतमले साथ दिए राष्ट्रिय सभामा सत्ता गठबन्धनले दुई तिहाइ पुऱ्याउन सक्छ। राष्ट्रिय सभाका सत्तारुढ गठबन्धनलाई दुई तिहाइ बहुमत पुग्दा सरकारलाई आफू अनुकूल निर्णय गर्न सहज हुन्छ। सरकारले चाहेको निर्णय लिनका लागि विपक्षी दलहरुले रोक्न सक्दैनन्।

राष्ट्रिय सभामा बहुमत मात्रै भए पनि विधेयक वा प्रस्तावहरु पारित गर्न सकिन्छ। तर, कतिपय यस्ता विषयहरु हुन्छन् जसका लागि दुई तिहाइ बहुमत चाहिन्छ। संविधान संशोधनका लागि दुवै सभामा दुई तिहाइ बहुमत चाहिन्छ। कतिपय सन्धि सम्झौताहरु अनुमोदन गर्नका लागि दुवै सभाको दुई तिहाइले अनुमोदन गर्नुपर्ने शर्त राखिएका हुन्छन्। प्रदेशको सिमांकन हेरफेर जस्ता विषयमा पनि दुवै सभाको दुई तिहाइ आवश्यक पर्छ।

यस्तै, अध्यक्ष वा उपाध्यक्षलाई हटाउने निर्णयका लागि दुई तिहाइ बहुमत चाहिन्छ। राष्ट्रिय सभाको अध्यक्ष वा उपाध्यक्षलाई हटाउने निर्णयका लागि भने राष्ट्रिय सभाको मात्रै दुइ तिहाइ भए पुग्छ। राष्ट्रिय सभा नियमावली नियम १८१ मा अध्यक्ष वा उपाध्यक्ष पदमुक्त हुने सम्बन्धी व्यवस्था छ।

अध्यक्ष वा उपाध्यक्षले पद अनुकूल आचरण नगरेको भन्ने लागेमा राष्ट्रिय सभाका कुनै सदस्यले तत्काल कायम रहेको सांसद संख्याको एक चौथाइ सदस्यको समर्थन लिएर प्रस्ताव लैजान सक्छन्। त्यस्तो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भए अध्यक्ष वा उपाध्यक्ष पदमुक्त हुनेछन्।

‘नियम १८१ बमोजिमको प्रस्ताव (अध्यक्ष वा उपाध्यक्षले पद अनुकूल आचरण नगरेको प्रस्ताव) सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित अध्यक्ष वा उपाध्यक्ष पदमुक्त हुनेछ’ नियम १८१ (४) मा छ। यस्तो प्रस्तावमाथि सफाइका लागि मौका दिनुपर्ने, सफाइपछि प्रस्ताव फिर्ता लिन नचाहेमा वा सभाले अनुमति नदिएमा मात्रै अध्यक्ष वा उपाध्यक्ष विरुद्धको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्ने व्यवस्था छ।

राष्ट्रिय सभाका अध्यक्ष संवैधानिक परिषदका सदस्य समेत रहन्छन्। प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषदमा प्रतिनिधिसभाको प्रमुख विपक्षी दलको नेता, प्रधानन्यायाधीश, सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष रहन्छन्।

संवैधानिक निकायहरुमा नियुक्तिका लागि संवैधानिक परिषदले सिफारिश वा निर्णय गर्न बस्ने बैठकका लागि अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने कानूनी व्यवस्था छ। ‘अध्यक्ष र कम्तीमा चार जना अन्य सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ’ संवैधानिक परिषद् सम्बन्धी ऐन, २०६६ को दफा ६(३) मा उल्लेख छ।

अहिले उपसभामुख पद खाली छ। यसकारण अहिले सरकारलाई संवैधानिक परिषदको बैठक राख्न हाल रहेका सबै सदस्य उपस्थित हुनुपर्छ। विपक्षी दल एमालेका संसदीय दलका नेता केपी शर्मा ओली र राष्ट्रिय सभाका अध्यक्ष पाँचदलीय सत्ता गठबन्धन बाहिरका हुन्।

यसकारण सत्ता गठबन्धनले उपसभामुखको निर्वाचन गर्ने र राष्ट्रिय सभाको अध्यक्षलाई हटाएर संवैधानिक परिषदलाई आफू अनुकूल बनाउने प्रयास गर्ने सुविधा राष्ट्रिय सभामा रहेको दुई तिहाइ बहुमत हुँदा प्राप्त हुन्छ। संविधानको धारा २८४ अनुसार संवैधानिक परिषदले न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरुको नियुक्तिको सिफारिश गर्दछ।







